बैठक संख्या - १

आज मिति २०८० साल श्रावण महिनाको २३ गतेका दिन यस गढवा गाउँपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री दिलबरी कुमारी वि.क. १ नं. वडा की.पी. अध्यक्ष

श्री प्रेम प्रकाश दाहाल, योजना शाखा अधिकृत

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा शाखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र. शाखा

CamScanner

मिति २०८०/०४/२३ गतेको गाउँकार्यपालिका पहिलो बैठकका प्रस्तावहरू

१ आ.व. २०७९।०८० वार्षिक समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।

३. नदिजन्य पदार्थको उत्खनन् तथा विक्रिका लागि आ.ई.ई. गर्ने सम्बन्धमा ।

४. मेडिकल अधिकृतको प्रोत्साहन भत्ता सम्बन्धमा ।

५. वृक्षारोपण सम्बन्धमा ।

६. संघीय तथा प्रदेश सरकारका नियमावली तथा कार्यविधी अवलम्बन सम्बन्धमा ।

७. विद्यालयहरूमा सिर्जनात्मक, जीवनउपयोगी कार्यक्रम संचालन सम्बन्धमा ।

८. डेंगु सचेतनामुलक कार्यक्रम संचालन सम्बन्धमा ।

९. दिर्घरोगीहरूले पाउने मासिक सुविधा सम्बन्धमा ।

१०. स्थानीय दररेट सम्बन्धमा ।

११. राप्ती नदि तथा खोलाहरूबाट हुने नदिजन्य पदार्थको चोरी नियन्त्रण र सहयोगी निकायलाई प्रोत्साहन सम्बन्धमा ।

१२.गढवा गाउँपालिका भित्रका शाखाहरूको नीतिगत व्यवस्थापन सम्बन्धमा ।

१३. निर्धारित समयमा कार्यसम्पादन नगर्ने निर्माण व्यवसायी सम्बन्धमा ।

१४. स्थानीय सेवा पुरस्कारका लागि व्यक्ति छनौट सम्बन्धमा ।

१५. औधोगिक ग्राम तथा अटो भिलेजको लागि स्थान छनौट सम्बन्धमा ।

१६. अ.हे.ब. पदको स्थगित परिक्षा सम्बन्धमा ।

१७. स्थानीय विदा सम्बन्धमा ।

१८. कानूनी सल्लाहकार नियुक्त गर्ने सम्बन्धमा ।

१९. लघु उद्यम विकास कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।

२०. विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाउने सम्बन्धमा ।

२१. शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी एकीन सम्बन्धमा ।

२२. शिक्षक पदस्थापन सम्बन्धमा ।

२३. स्थानीय घरभाडाको दररेट निर्धारण सम्बन्धमा ।

२४. विविध विषय सम्बन्धमा ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

# निर्णयहरू :

१. आ.व. २०७९।०८० वार्षिक समिक्षा यस गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूले चालु आ.व. २०७९/०८० मा हालसम्म गरेको वित्तिय प्रगति विवरण सम्बन्धमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ज्यू ले पेश गरेको हाल सम्मको प्रगति विवरण उपर छलफल तथा समिक्षा गरियो । साथै यस गढवा गाउँपालिकाको गत आ.व. २०७९/०८० मा बसेका गाउँकार्यपालिकाको सम्पूर्ण बैठकहरूमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. आ.व. २०८०।०८१ को बजेट निर्माणका चरणमा अनुमानित अ.ल्या. शीर्षकमा अधिकतम रकम (रू ६ करोड) आँकलन गरिएकोमा आँकलन गरिए भन्दा धेरै नै न्यून अल्या रकम ( करिब १ करोड) प्राप्त भएकोले सो को प्रभाव स्वरूप योजनाहरूको कार्यान्वयन पश्चात भुक्तानी गर्ने क्रममा समस्या देखिन सक्ने सम्भावना भएकोले तपशिल बमोजिम गर्नेगरि योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल :

क. ठेक्का आह्वान भएको योजनाहरूमा न्यूनतम अंक कबोल हुँदा बचत हुन जाने रकमबाट पुनः नयाँ योजना नबनाउने ।

ख. सबैखाले पुँजिगत बजेट खर्चमा कन्टिन्जेन्सी बापत २ प्रतिशत रकम काट्ने ।

ग. खर्चको मापदण्ड सम्बन्धी आवश्यक कार्यविधि बनाई चालु खर्च नियन्त्रण गर्ने ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

३. यस गढवा गाउँपालिका अन्तर्गत विभिन्न नदि तथा खोला घाटहरूबाट चालु आ.व. २०८०/०८१ मा नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिका लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणिय प्रभाव परिक्षण प्रतिवेदन (आ.ई.ई.) तपशिल बमोजिमका घाटहरूमा गर्ने र सो को लागि विद्युतिय बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

तपशिल :

१. चिसापानी जुरौनी खोला
२. रङसिङ दोभान देखि मलमला घाटसम्म, राप्ती नदि
३. मलमला घाट देखि बनघुस्री घाटसम्म, राप्ती नदि
४. माथिल्लो बडहरा देखि तल्लो बडहरासम्म, राप्ती नदि
५. पत्रिङ्गा घाट देखि जेठानगाउँसम्म, राप्ती नदि
६. पचहिया घाटदेखि महदेवा पुलसम्म, राप्ती नदि
७. खैराघाट, राप्ती नदि
८. मनिकापुर घाट, कक्रहवा खोला

साथै गत आ.व. २०७९/०८० मा आई.ई.ई. गरेका तपशिल बमोजिमका नदि तथा खोला घाटहरूको प्राविधिक प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

तपशिल :

१. राप्ती नदि, रतनपुर घाट
२. राप्ती नदि, खड्कपुर घाट
३. राप्ती नदि, धर्मपुर घाट
४. राप्ती नदि, भारबैरा घाट

४. यस गढवा गाउँपालिका अन्तर्गत गढवा स्वास्थ्य चौकीमा कार्यरत एम बि बि एस डक्टर श्री ईन्द्र कुमार चौधरीलाई कार्यालय समयका अतिरिक्त गढवा स्वास्थ्य चौकीमा रहेको आकस्मिक कक्ष तथा दाङ देउखुरी सर्पदंश उपचार केन्द्रमा कामकाजमा लगाउने र अतिरिक्त कामकाजमा लगाए बापत निजको आठौ तहको सेवा सुबिधाको ५० प्रतिशत हुन आउने रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

अनिल चौधरी
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

५. यस गढवा गाउँपालिकाको चालु आ.व. २०८०/०८१ का लागि वन तथा वातावरण शीर्षकमा विनियोजित सबै वडाहरूमा हरियाली प्रबर्द्धन कार्यक्रम कार्यान्वयनका लागि सबै वडाहरूमा आवश्यक्ता अनुसार बृक्षारोपण गर्ने निर्णय गरियो साथै संरक्षणका लागि बैंक तथा वित्तिय संस्थाहरूले अनिवार्य बहन गर्नुपर्ने सि.एस.आर. रकम बराबरको आवश्यक भएको ट्री गार्ड माग गर्ने निर्णय गरियो ।

६. यस गढवा गाउँपालिकाबाट चालु आ.व. मा संचालन हुने सेवा प्रबाह तथा विकास निर्माणका क्रियाकलापहरूमा आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरू नेपालको संविधानले अनुसूचि ८ र ९ मा गरेको विषयहरूमा अधिकार क्षेत्रभित्र पर्ने क्षेत्रहरूमा आवश्यक पर्ने कानून निर्माण नभईसकेकाहरूको हकमा संघिय सरकार तथा प्रदेश सरकारबाट स्विकृत भएका तपशिल लगायतका आवश्यक पर्ने थुप्रै ऐन, नियमावली तथा कार्यविधीहरू अबलम्बन गर्ने निर्णय गरियो ।

तपशलि :

- सार्वजनिक खरिद ऐन २०६४
- सार्वजनिक खरिद नियमावली २०६५
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
- निजामति सेवा ऐन २०४९
- निजामति सेवा नियमावली, २०५०
- विद्युतिय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०, आदी

७. यस गाउँपालिका अर्न्तगतका विद्यालयहरूमा अतिरिक्त सिर्जनात्मक जीवनउपयोगी कार्यक्रम सञ्चालन गर्नका लागि " जीवन उपयोगी शुक्रबार" नामक कार्यक्रम साप्ताहिक रूपमा लागु गर्ने निर्णय गरियो ।

८. हाल महामारीको रूपमा बढिरहेको डेंगु रोगबाट बच्न सरोकारवाला निकायहरूको सहकार्यमा डेंगु रोग सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

९. यस गढवा गाउँपालिकाबाट मासिक रूपमा दिर्घरोगीहरूले पाउने सुविधा प्रदान गर्नका लागि गरिब पहिचान परिचय पत्र आवश्यक पर्ने र उक्त गरिब घरपरिवार पहिचान पत्र हालसम्म वितरण गर्न नसकिएकोले उक्त परिचय पत्र वितरणका लागि आवश्यक अध्ययन तथा छानविन गरि परिचयपत्र वितरणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१०. चालु आ.व. २०८०/०८१ मा आवश्यक पर्ने निर्माण सामाग्री तथा सेवा सम्बन्धी दररेट जिल्ला दररेट बमोजिम यस गाउँपालिकाको पूर्वाधार विकास शाखाबाट पेश भएको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

११. यस गढवा गाउँपालिका अर्न्तगत राप्ती नदि तथा विभिन्न खोलाहरूबाट नदिजन्य पदार्थ अबैध रूपमा चोरी निकासी हुने गरेको पाईएकोले उक्त चोरी कार्य नियन्त्रणका लागि दैनिक रू ६०० भुक्तानी दिनेगरि प्रत्येक वडामा १/१ जनाका दरले नदि तथा खोला घाटहरूमा चौकीदार राख्ने निर्णय गरियो । साथै चोरी निकासीमा संलग्न रहेको कुनै मालबाहक गाडी पक्राउ परेमा पक्राउ गर्ने नेपाल प्रहरी, सशस्त्र प्रहरीलाई पक्राउ पर्ने मालबाहक गाडीलाई हुने जरिवानाको २५ प्रतिशत रकम प्रोत्साहन बापत उपलब्ध गराउने । यदी सुराकीको आधारमा नेपाल प्रहरी, सशस्त्र प्रहरीले पक्राउ गरेमा पक्राउ पर्ने मालबाहक गाडीलाई हुने जरिवानाको १० प्रतिशत रकम सुराकीलाई र १५ प्रतिशत रकम पक्राउ गर्ने सुरक्षा निकायलाई प्रोत्साहन बापत उपलब्ध गराउने निर्णय गरियो ।

१२. यस गढवा गाउँपालिकाको " गाउँकार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ को आवश्यक संशोधन गर्नुपर्ने भएकोले तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| श्री लेख बहादुर थापा | संयोजक |
| श्री प्रेम प्रकाश दाहाल | सदस्य |
| श्री पुनाराम शर्मा | सदस्य सचिव |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

१३. यस गढवा गाउँपालिका अन्तर्गत गत आ.व. मा निर्माण सम्बन्धी विभिन्न ठेक्काहरू आव्हान गरि योजना सम्पन्न गर्ने समयसिमा तोकि तोकि निर्माण सम्झौता गरिएकोमा कोही निर्माण व्यवसायीहरूले लापरबाही गरि तोकीएको समयसिमा भित्र निर्माण कार्य सम्पन्न नगरि एकातिर संरचना अलपत्र पार्ने र अर्कोतर्फ संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकको सशर्त अनुदान फ्रिज भएर जाने समस्या विकराल रूपमा देखिएकोले तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूलाई कालो सूचिमा राख्नका लागि पिपिएमओ (सार्वजनिक खरिद अनुगमन कार्यालय) मा पत्राचार गर्ने निर्णय गरियो ।

१४. स्थानीय सेवा पुरस्कारका लागि छनौट समितिको पूर्णताको लागि यस गढवा गाउँपालिकाको स्थानीय सेवा पुरस्कार छनौट समितिमा गाउँकार्यपालिकाको सदस्य मध्येबाट छनौट गर्ने २ जना कार्यपालिका सदस्यहरूमा तपशिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल :

श्री लेख बहादुर थापा, ५ नम्बर वडा अध्यक्ष

श्री अब्दुल खालिक सिद्धिकी, ८ नम्बर वडा अध्यक्ष

१५. अटो भिलेज निर्माणका लागि वडा नम्बर १ स्थित टहँडा क्षेत्रमा सार्वजनिक, ओईलानी तथा नदि उकास जग्गा उपलब्ध भएमा आवश्यक्ता अनुसार स्थलगत नापजाँच गरि आवश्यक जग्गामा अटो भिलेज निर्माण गर्नका लागि सहमति दिने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

१६. यस गढवा गाउँपालिकाको मिति २०७९/१२/२७ गते स्वास्थ्य सेवामा आवश्यक पदमा सेवा करारमा पदपूर्तिका लागि विज्ञापन गरिएकोमा चालु आ.व. २०८०/०८१ को स्वीकृत बजेटमा अनुमानित अल्या रकम अधिक प्रक्षेपण गरिएको तर गत आ.व. को अन्त्यमा अत्यन्त न्यून अल्या रकम प्राप्त भएकोले र सेवा करारमा भर्ना हुने कर्मचारीहरूलाई न्यून अल्या र न्यून आन्तरिक श्रोतले थेग्न नसक्ने र कर्मचारी पदपूर्ति गरिएमा निजहरूलाई न्युनतम सुबिधा समेत उपलब्ध गराउन नसकिने जस्ता सम्भावित खतरा देखिएकोले मिति २०८०/०३/२७ गतेका दिन यस गाउँकार्यपालिकाबाट संचालन भएको अ.हे.ब. पदको लिखित परिक्षाको नतिजा र सो पश्चातको मौखिक परिक्षा साथै मिति २०८०/०३/३० गते संचालन हुने तय भएको का.स. पदको परिक्षाको सम्पूर्ण कार्यक्रमहरू अर्को व्यवस्था नभए सम्मको लागि स्थगित गर्ने निर्णय गरियो ।

१७. लुम्बिनी प्रदेश सरकारको प्रदेश राजपत्रमा वि.सं. २०७९ चैत्र १७ गतेका दिन प्रकाशित वि.सं. २०८० का लागि लुम्बिनी प्रदेशमा थप सार्वजनिक एवं पर्व विदा सम्बन्धी सूचनामा स्थानीय तहलाई उल्लेखित अधिकारको प्रयोग गरि मिति २०८०/०५/०४ गतेका दिन मधेशी समुदायको गुडिया, थारू समुदायको गुरही तथा ब्राह्मण क्षेत्री समुदायको नाग पञ्चमीको अवसरमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

१८. गढवा गाउँपालिका अर्न्तगत गढवा गाउँपालिकाबाट सम्पादन हुने विभिन्न खालका कामकाज र अन्य मुद्दा मामिला सम्वन्धी अदालती कामकाज र न्यायिक समितिबाट हुने न्यायिक फैसलाका लागि राय र सल्लाह लिनु पर्ने आवश्यकता देखिएकाले एक जना कानूनी सल्लाहकार नियुक्त गर्ने गाउँसभाको ११ औ अधिवेशनको निर्णयानुसार कानूनी सल्लाहकारको रूपमा घोराही निबासी अधिबक्ता श्री विष्णु धिताललाई साविककै कानूनी सल्लाहकारको मासिक सुविधा रू १५,०००।- ( अक्षेरेपी पन्ध्र हजार) को दरले उपलब्ध गराउने गरि चालु आ.व. श्रावण १ गतेदेखि २३ गतेसम्मको सेवा सुबिधा उपलब्ध गराउने र मिति २०८०/०४/२४ गतेदेखि लागु हुनेगरि कानूनी सल्लाहकार पदमा राप्ती गाउँपालिका वडा नम्बर ९ निबासी अधिवक्ता लुम बहादुर कार्किलाई रू १५,०००।- मासिक सुबिधा दिनेगरि नियुक्त गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम ना...ण शर्मा पोखेल
अध्यक्ष

१९. चालु आ.व. २०८०/०८१ का लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि वडा नम्बर १ छनौट गर्ने निर्णय गरियो । साथै मिति २०८०/०४/२३ गते विहान बसेको उद्यम विकास समितिले सिफारिस गरेको कार्यक्रमको मेड्पा मोडलको कार्ययोजना स्वीकृत गरि कार्यान्वयनमा जाने निर्णय गरियो ।

२०. यस गढवा गाउँपालिकामा गाउँपालिका तथा वडा स्तरिय विपद व्यवस्थापन समिति गठन भएतापनि खासै सक्रिय रूपमा विपद सम्बन्धी कामकाजमा संलग्न भएको नदेखिएको सन्दर्भमा वडा तथा पालिकास्तरिय विपद व्यवस्थापन समितिलाई थप जिम्मेवार वनाई हरेक तहमा क्रियाशिल बनाउदै लैजाने निर्णय गरियो ।

२१. यस पालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८० को दफा ६ को उपदफा (१) बमोजिम तपसिल अनुसार तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी एकिन गरी पुन : वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

**आधारभूत तह (कक्षा १-५)**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हाल कायम शिक्षक दरबन्दी | विद्यार्थी संख्याको आधारमा हुनुपर्ने शिक्षक दरबन्दी | थप हुनपर्ने शिक्षक दरबन्दी संख्या | काट्नुपर्ने शिक्षक दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा प्रा.वि.खबरीनाका | १८ | २ | २ | ० | ० |
| २ | महेन्द्र आ.वि. कोइलाबास | ५१ | ३ | ३ | ० | ० |
| ३ | उदय प्रा.वि.मुसीनाका | १२ | २ | २ | ० | ० |
| ४ | बालबुद्धि प्रा.वि.खवरीखुटी | ४१ | ३ | ३ | ० | ० |
| ५ | बालकल्याण आ.वि.बालाखुटी | १८४ | ७ | ५ | ० | २ |
| ६ | दुर्गा आ.वि.मनिकापुर | १०२ | ६ | ४ | ० | २ |
| ७ | ज्ञानज्योति प्रा.वि.मानपुर | ४४ | ३ | ३ | ० | ० |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | जनता मा.वि.गढवा | ३०७ | ७ | ८ | १ | ० |
| ९ | मदरसा जियाऊल तौहिद रामपुर | ३३ | ० | १ | १ | ० |
| १० | सरस्वती आ.वि.चन्दनपुर | ६५ | ५ | ३ | ० | २ |
| ११ | सर्वोदय प्रा.वि.गढवा | १६ | ३ | २ | ० | १ |
| १२ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | १७८ | ७ | ५ | ० | २ |
| १३ | कालिका प्रा.वि.पर्सेनी | ४५ | ३ | ३ | ० | ० |
| १४ | मा.वि.चैनपुर | ११९ | ८ | ४ | ० | ४ |
| १५ | आ.वि. विद्यालय कक्रहवा | ४३ | ४ | ३ | ० | १ |
| १६ | प्रा.वि.खजरौटा | ४९ | ३ | ३ | ० | ० |
| १७ | आदर्श प्रा.वि.बडहरा | १०० | ४ | ४ | ० | ० |
| १८ | आदर्श रात्री आ.वि.गोबरडिहा | ८६ | ६ | ४ | ० | २ |
| १९ | गणेश प्रा.वि.चिमचिमे | ५५ | ३ | ३ | ० | ० |
| २० | जनमुखी आ.वि.रङसिङ | ८४ | ४ | ४ | ० | ० |
| २१ | जनता मा.वि.कालाकाटे | २४९ | ७ | ७ | ० | ० |
| २२ | मा.वि.पचहिया | २१५ | ७ | ६ | ० | १ |
| २३ | प्रा.वि.महदेवा | ८२ | ५ | ४ | ० | १ |
| २४ | आ.वि.बनघुसी | १३३ | ५ | ५ | ० | ० |
| २५ | रत्न प्रा.वि.रतनपुर | १५ | २ | २ | ० | ० |
| २६ | रात्री प्रा.वि.पचहिया | ८१ | ४ | ४ | ० | ० |
| २७ | सरस्वती मा.वि.विद्यानगर | १३२ | ६ | ५ | ० | १ |
| २८ | सरस्वतीय प्रा.वि.सुपैला | १०२ | ३ | ४ | १ | ० |
| २९ | बघमरुवा बालविकास केन्द्र | | ० | १ (बा.वि.के.सहजकर्ता) | ० | ० |
| ३० | बौराह बालविकास केन्द्र | | ० | १ (बा.वि.के.सहजकर्ता) | | |
| ३१ | सालभवरी बालविकास केन्द्र | १७ | १ | १ (बा.वि.के.सहजकर्ता) | ० | ० |
| ३२ | मदरसा अहले सुन्नत गुल्सने रजा | | ० | १ (प्राथमिक तह) | ० | ० |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

आधारभूत तह (कक्षा ६-८)

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हाल कायम शिक्षक दरबन्दी | विद्यार्थी संख्याको आधारमा हुनुपर्ने शिक्षक दरबन्दी | थप हुनपर्ने शिक्षक दरबन्दी संख्या | काट्नुपर्ने शिक्षक दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्र आ.वि.कोइलाबास | ३३ | ३ | ३ | ० | ० |
| २ | बालकल्याण आ.वि.बालाखुटी | ११४ | ५ | ४ | ० | १ |
| ३ | दुर्गा आ.वि.मनिकापुर | ९८ | २ | ४ | २ | ० |
| ४ | जनता मा.वि.गढवा | ३०९ | १२ | ९ | ० | ३ |
| ५ | सरस्वती आ.वि.चन्दनपुर | ६१ | ३ | ४ | १ | ० |
| ६ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | १२८ | ३ | ५ | २ | ० |
| ७ | मा.वि.चैनपुर | १४६ | २ | ५ | ३ | ० |
| ८ | आ.वि. विद्यालय कक्रहवा | ४३ | २ | ३ | १ | ० |
| ९ | आदर्श रात्री आ.वि.गोबरडिहा | ११४ | ३ | ४ | १ | ० |
| १० | जनमुखी आ.वि.रडसिङ | १०७ | ४ | ४ | ० | ० |
| ११ | जनता मा.वि.कालाकाटे | १९५ | ५ | ६ | १ | ० |
| १२ | मा.वि.पचहिया | २२५ | ७ | ७ | ० | ० |
| १३ | आ.वि.बनघुस्री | १५० | ६ | ५ | ० | १ |
| १४ | सरस्वती मा.वि.विद्यानगर | ३०४ | ९ | ८ | ० | १ |

माध्यमिक तह (कक्षा ९-१०)

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हाल कायम शिक्षक दरबन्दी | विद्यार्थी संख्याको आधारमा हुनुपर्ने शिक्षक दरबन्दी | थप हुनपर्ने शिक्षक दरबन्दी संख्या | काट्नुपर्ने शिक्षक दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | जनता मा.वि.गढवा | ४२७ | ८ | १२ | ४ | ० |
| २ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | १०३ | ५ | ५ | ० | ० |
| ३ | मा.वि.चैनपुर | १०५ | ५ | ५ | ० | ० |
| ४ | जनता मा.वि.कालाकाटे | १९२ | ५ | ७ | २ | ० |
| ५ | मा.वि.पचहिया | १०२ | ५ | ५ | ० | ० |
| ६ | सरस्वती मा.वि.विद्यानगर | ३१८ | ७ | ९ | २ | ० |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नाथ ... पंथित
अध्यक्ष

CamScanner

२२ यस पालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तपसिलमा उल्लेखित बमोजिम तहगत र विषयगतका आधारमा मिलान गरी पदस्थापन गर्ने निर्णय गरियो ।

## तपशिल

### माध्यमिक तह तर्फ

| क्र.सं. | कार्यरत विद्यालयको नाम | शिक्षकको नाम,थर | तह | श्रेणी | पदस्थापन गरिएको विद्यालयको नाम | किसिम | विषय |
|---|---|---|---|---|---|---|---|
| १ | जनता मा.वि.गढवा | योगनारायण चौधरी | मा.वि. | तृतीय | मा.वि.पचहिया | स्थायी | विज्ञान |
| २ | सरस्वती मा.वि.गोबरडिहा | रेश्मीकुमारी योगी | मा.वि. | तृतीय | जनता मा.वि.गढवा | स्थायी | अंग्रेजी |
| ३ | सरस्वती मा.वि.गोबरडिहा | हिमालप्रकाश अधिकारी | मा.वि. | तृतीय | मा.वि.चैनपुर | स्थायी | सामाजिक |
| ४ | जनता मा.वि.गढवा | केशवप्रसाद शर्मा घिमिरे | मा.वि. | तृतीय | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | स्थायी | अंग्रेजी |
| ५ | मा.वि.पचहिया | सरिता चौधरी | मा.वि. | तृतीय | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | स्थायी | विज्ञान |
| ६ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | रिक्त दरवन्दी | मा.वि. | तृतीय | सरस्वती मा.वि.गोबरडिहा | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपुर्ती गर्ने |
| ७ | मा.वि.चैनपुर | बद्रिनाथ यादव | मा.वि. | तृतीय | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | संघीय अनुदान | गणित |
| ८ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | दिनेश चौधरी | मा.वि. | तृतीय | मा.वि.चैनपुर | गा.पा.अनुदान | गणित |
| ९ | मा.वि.चैनपुर | हिमा के.सी. | मा.वि. | तृतीय | सरस्वती मा.वि.गोबरडिहा | गा.पा.अनुदान | अंग्रेजी |
| १० | गा.पा.(३ वटा दरवन्दी) | रिक्त | मा.वि. | तृतीय | जनता मा.वि.गढवा | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |
| ११ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | निर्दोष पाण्डेय | मा.वि. | तृतीय | जनता मा.वि.गढवा | गा.पा.अनुदान | विज्ञान |
| १२ | गा.पा.(२ वटा दरवन्दी) | रिक्त | मा.वि. | तृतीय | सरस्वती मा.वि.गोबरडिहा | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |
| १३ | गा.पा.(२ वटा दरवन्दी) | रिक्त | मा.वि. | तृतीय | जनता मा.वि.कालाकाटे | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पौडेल
अध्यक्ष

CamScanner

## निम्न माध्यमिक तह तर्फ

| क्र.सं. | कार्यरत विद्यालयको नाम | शिक्षकको नाम,थर | तह | श्रेणी | पदस्थापन गरिएको विद्यालयको नाम | किसिम | विषय |
|---|---|---|---|---|---|---|---|
| १ | बालकल्याण आ.वि.बालाखुटी | उत्तम चौधरी | नि.मा.वि. | तृतीय | सरस्वतीय आ.वि.चन्दनपुर | गा.पा.अनुदान | नेपाली |
| २ | बालकल्याण आ.वि.बालाखुटी | बाबादिन यादव | नि.मा.वि. | तृतीय | जनता मा.वि.गढवा | गा.पा.अनुदान | सामाजिक |
| ३ | जनता मा.वि.गढवा | माधिका शर्मा | नि.मा.वि. | तृतीय | बालकल्याण आ.वि.बालाखुटी | स्थायी | सामाजिक |
| ४ | जनता मा.वि.गढवा | स्वामीदयाल यादव | नि.मा.वि. | तृतीय | दुर्गा आ.वि.मनिकापुर | स्थायी | विज्ञान/गणित |
| ५ | मा.वि.पचहिया | खिमबहादुर चौधरी | नि.मा.वि. | तृतीय | सरस्वती आ.वि.चन्दनपुर | स्थायी | अंग्रेजी |
| ६ | जनता मा.वि.गढवा | रिक्त | नि.मा.वि. | तृतीय | जनता मा.वि.कालाकाटे | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |
| ७ | महेन्द्र मा.वि.कोइलाबास | दिपेन्द्र खड्का | नि.मा.वि. | तृतीय | आ.वि.कक्रहवा | स्थायी | अंग्रेजी |
| ८ | जनता मा.वि.गढवा | रिक्त | नि.मा.वि. | तृतीय | महेन्द्र मा.वि.कोइलाबास | गा.पा.अनुदान | अंग्रेजी |
| ९ | सरस्वती मा.वि.गोबरडिहा | जितेन्द्र किशोरलाल कर्ण | नि.मा.वि. | तृतीय | आदर्श रात्री आ.वि.गोबरडिहा | स्थायी | विज्ञान/गणित |
| १० | मा.वि.पचहिया | उदयराम वर्मा | नि.मा.वि. | | आ.वि.बनघुस्री | स्थायी | विज्ञान/गणित |
| ११ | आ.वि.बनघुस्री | हरिकुमार यादव | नि.मा.वि. | तृतीय | मा.वि.पचहिया | गा.पा.अनुदान | विज्ञान |
| १२ | जनता मा.वि.कालाकाटे | गणेश वि.सी. | नि.मा.वि. | तृतीय | जनमुखी आ.वि.रडसिड | स्थायी | अंग्रेजी |
| १३ | जनमुखी आ.वि.रडसिड | भगतनारायण चौधरी | नि.मा.वि. | तृतीय | मा.वि.पचहिया | गा.पा.अनुदान | गणित |
| १४ | गा.पा.(१ वटा दरबन्दी) | रिक्त | नि.मा.वि. | तृतीय | बालकल्याण आ.वि.बालखुटी | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |
| १५ | गा.पा.(१ वटा दरबन्दी) | रिक्त | नि.मा.वि. | तृतीय | आ.वि.कक्रहवा | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |
| १६ | दुर्गा आ.वि.मनिकापुर | मनोजकुमार चौधरी | नि.मा.वि. | तृतीय | जनता मा.वि.गढवा | गा.पा.अनुदान | गणित |
| १७ | गा.पा.(१ वटा दरबन्दी) | रिक्त | नि.मा.वि. | तृतीय | आ.वि.बनघुस्री | गा.पा.अनुदान | विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्ने |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

## प्राथमिक तह

| क.सं. | कार्यरत विद्यालयको नाम | शिक्षकको नाम | तह | श्रेणी | पदस्थापन गरिएको विद्यालय | किसिम | विषय |
|---|---|---|---|---|---|---|---|
| १ | सर्वोदय प्रा.वि.गढवा | रिक्त | प्रा.वि. | तृतीय | गणेश प्रा.वि.चिर्माचिमे | स्थायी | |
| २ | गणेश प्रा.वि.चिर्माचिमे | सरिता विष्ट | प्रा.वि. | तृतीय | नमूना प्रा.वि.महदेवा | राहत | |
| ३ | नमूना प्रा.वि.महदेवा | भागीरथी शर्मा | प्रा.वि. | तृतीय | सर्वोदय प्रा.वि.गढवा | राहत | |
| ४ | आ.वि.कक्रहवा | हनुमान यादव | प्रा.वि. | तृतीय | जनता मा.वि.गढवा | स्थायी | |
| ५ | बालकल्याण आ.वि.बालाखुटी | रिक्त | प्रा.वि. | तृतीय | बालबुद्धि प्रा.वि.खबरीखुटी | गा.पा.अनुदान | |
| ६. | जनमुखी आ.वि.रडसिङ | गोमा घिमिरे | प्रा.वि. | तृतीय | जनता मा.वि.कालकाटे | राहत | |
| ७ | आ.वि.बनघुस्री | पवित्रा के.सी. | प्रा.वि. | तृतीय | आ.वि.कक्रहवा | राहत | |
| ८ | आ.वि.बनघुस्री | शेरबहादुर थारुकुमाल | प्रा.वि. | तृतीय | सरस्वती प्रा.वि.सुपैला | गा.पा.अनुदान | |
| ९ | दुर्गा आ.वि.मनिकापुर | नरेश्वर भुषाल | प्रा.वि. | तृतीय | मदरसा जियाऊल तौहिद रामपुर | स्थायी | |
| १० | मा.वि.पचहिया | जमुना पौडेल | प्रा.वि. | तृतीय | आ.वि.मनिकापुर | राहत | |
| ११ | जनता मा.वि.कालाकाटे | डालिका कुमारी शर्मा | प्रा.वि. | तृतीय | नमूना प्रा.वि.महदेवा | स्थायी | |
| १२ | नमूना प्रा.वि.महदेवा | मधुसुदन पौडेल | प्रा.वि. | तृतीय | जनता मा.वि.कालाकाटे | स्थायी | |
| १३ | बालबुद्धि प्रा.वि.खबरीखुटी | रेकमबहादुर कवर | प्रा.वि. | तृतीय | जनमुखी मा.वि.रडसिङ | स्थायी | |
| १४ | बालकल्याण आ.वि.बालखुटी | रिता शर्मा | प्रा.वि. | तृतीय | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | राहत | |
| १५ | सरस्वती मा.वि.गोबरडिहा | अमरनाथ चौधरी | प्रा.वि. | तृतीय | मा.वि.पचहिया | स्थायी | |
| १६ | गा.पा.अनुदान | रिक्त | प्रा.वि. | तृतीय | आ.वि.बनघुस्री | गा.पा.अनुदान | |
| १७ | मा.वि.पचहिया | दुरपति चौधरी | प्रा.वि. | तृतीय | रात्री प्रा.वि.पचहिया | राहत | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | आदर्श रात्री आ.वि.गोबरडिहा | रिक्त | प्रा.वि. | तृतीय | महेन्द्र मा.वि.कोइलाबास | गा.पा.अनुदान | |
| १९ | महेन्द्र मा.वि.कोइलाबास | रण बहादुर थापा | प्रा.वि. | तृतीय | जनता मा.वि.गढवा | स्थायी | |
| २० | रात्री प्रा.वि.पचहिया | निर्मला कुमारी चौधरी | प्रा.वि.व. | तृतीय | बालकल्याण आ.वि.बालाखुटी | राहत | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

बैठक संख्या - २

आज मिति २०८० साल भाद्र महिनाको २२ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखरेल | [signature] |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | [signature] |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | [signature] |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | [signature] |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | [signature] |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | [signature] |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | [signature] |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | [signature] |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | [signature] |
| १२ | सदस्य | श्री मिना पुन | [signature] |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | [signature] |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | [signature] |
| १६ | सदस्य | श्री रमा भण्डारी | [signature] |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं । [signature]

मिति २०८०/०५/२२ गतेको गाउँकार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू :

१. वार्षिक समिक्षा सम्बन्धमा ।

**निर्णयहरू** : यस गढवा गाउँपालिकाको आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम, वार्षिक विनियोजित बजेटको सम्बन्धमा मिति २०८०।०४।३१ गते जनप्रतिनिधी र कर्मचारीहरूको उपस्थितिमा समस्या, चुनौती र उपलब्धीको सम्बन्धमा समिक्षा गरियो । साथै क्षेत्रगत बजेट र खर्चको अवस्थाको संक्षिप्त विवरण तपशिल अनुसार रहेको र वार्षिक समिक्षाको पूर्ण प्रतिवेदनलाई सूचनापाटी र वेवसाईटमा प्रकाशित गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिसत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | ९२४४१४१८ | ७५२२९४९५।४९ | ८१.३८% |
| २. | सामाजिक विकास | ३०२९३६२१२ | २५८८२९४६६।९ | ८५.४४% |
| ३. | पूर्वाधार विकास | २२९९५८८५० | १६७७३२७७९ | ७२.९४% |
| ४. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५०७६६०४४ | ४६४१५७४८।५ | ९१.४३% |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०१३३६६३७।७८ | ८९६४३९३३।४४ | ८८.४६% |
| | जम्मा | ७७७४३९१६१।७८ | ६३७८५१४२३।३ | ८२.०४% |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

बैठक संख्या - ३

आज मिति २०८० साल आश्विन महिनाको ०५ गतेका दिन यस गढवा गौउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गौउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री शम्भराज आचार्य | |

आमन्त्रित :-

सहयोगी :-

श्री कृष्ण प्रसाद पौडेल, सहायक पाचौं ।

CS CamScanner

**मिति २०८०/०६/०५ गतेको गाउँकार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू :**

१. सार्वजनिक विदा दिने सम्बन्धमा ।

**निर्णयहरू :**

१. लुम्बिनी प्रदेश सरकारको प्रदेश राजपत्रमा वि.सं. २०७९ चैत्र १७ गतेका दिन प्रकाशित वि.सं. २०८० का लागि लुम्बिनी प्रदेशका थप सार्वजनिक एवं पर्व विदा सम्बन्धी सूचनामा स्थानीय तहलाई उल्लेखित अधिकारको प्रयोग गरि मिति २०८० आश्विन ०७ गतेका दिन थारू समुदायको महान चाड अत्तवारी पर्वको अवसरमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

बैठक संख्या - ४

आज मिति २०८० साल अश्विन महिनाको १८ गतेका दिन यस गढवा गाउँपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कैलाशचन्द्र चौधरी | |

आमन्त्रित :-

CamScanner

मिति २०८०/०६/१८ गतेको गाउँकार्यपालिकाको चौथो बैठकका प्रस्तावहरू तथा निर्णयहरू

## प्रस्तावहरू :

१. छानविन समिति गठन सम्बन्धमा ।

२. छानविन समितिलाई जिम्मेवारी सम्बन्धमा ।

## निर्णयहरू :

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगन्जको मिति २०८०/०६/१६ गतेको प्राप्त पत्रानुसार माग भएको आ.व. २०७६/०७७ को गाउँकार्यपालिकाको माईन्युट रजिष्टर सक्कल प्रति माग भएकोमा सो प्रयोजनका लागि मिति २०८० साल अश्विन महिनाको १७ गतेका दिन गढवा गाउँपालिकाको आ.व. २०७६/०७७ को गाउँकार्यपालिकाको माईन्युट रजिष्टर गढवा गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरू तथा वर्तमान जनप्रतिनिधिहरूको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष, आर्थिक प्रशासन शाखा, सामान्य प्रशासन शाखा लगायतका शाखाहरूमा खोजी कार्य गर्दा उक्त माईन्युट रजिष्टर नभेटिएको, यस गाउँपालिकाका निमित्त प्र.प्र.अ. श्री शम्भुराज आचार्यले उक्त माईन्युट मिति २०८०/०६/१३ गतेका दिन पूर्व जनप्रतिनिधिहरूलाई देखाएको सो पश्चात उक्त रजिष्टर निजकै जिम्मामा रहेको बुझियो साथै मिति २०८०/०६/१७ गते साँझ ८ बजेसम्म निजले आफ्नो जिम्मामा रहेको उक्त रजिष्टर प्रमुख प्रशासकीय अधिकृत श्री आशिष चौधरी, प्रशासन शाखाका श्री पुनाराम शर्मा तथा आर्थिक प्रशासन शाखाका लेखापाल श्री दानविर चौधरीलाई नदिएको, जिम्मा नलगाएको र लेखापाल श्री दानविर चौधरी समेतले खोजी गर्दा उक्त रजिष्टर निजको कार्यकक्षमा

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

समेत नरहेको पाईएकोले १७ गतेको पूर्व तथा हाल बहाल जनप्रतिनिधिहरूको बैठकमा उक्त माईन्युट रजिष्टर हराएको तथा उक्त रजिष्टरको बैठक संख्या २२ (मिति २०७७/०३/०९ गते) को माईन्युटमा किर्ते भएको आशंका उत्पन्न भएकोले सोही बैठकले गरेको निर्णय अनुसार आवश्यक छानविन गरि प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको एक पाँच सदस्यीय छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| १. श्री शारदा कुमारी चौधरी | संयोजक |
| २. श्री लेख बहादुर थापा | सदस्य |
| ३. श्री हरिभगत चौधरी | सदस्य |
| ४. श्री बीर बहादुर आले मगर | सदस्य |
| ५. श्री फुलनदेबी चौधरी | सदस्य सचिब |

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा निर्णय नम्बर १ बमोजिम गठित छानविन समितिलाई यस गढवा गाउँपालिकाको आ.व. २०७६/०७७ को कार्यपालिकाको माईन्युट रजिष्टर हराएको सम्बन्धमा तथा उक्त रजिष्टरमा भएको बैठक नम्बर २२ ( मिति २०७७/०३/०९ गते) को निर्णयको सत्यतथ्य छानविन गरि जिम्मेवारी तोकिएको मितिले ३ दिनं भित्र छानबिन प्रतिवेदन पेश गर्नेगरि जिम्मेवारी दिने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

CamScanner

## बैठक संख्या - ५

आज मिति २०८० साल अश्विन महिनाको २१ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी वेहायको उपस्थितिमा वेहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कैलाशचन्द्र चौधरी | |

आमन्त्रित :-

CamScanner

मिति २०८०/०६/२१ गतेको गाउँकार्यपालिकाको पाँचौ बैठकका प्रस्तावहरू तथा निर्णयहरू

प्रस्तावहरू :

१. छानविन समितिले प्रतिवेदन पेश गर्ने म्याद थप सम्बन्धमा ।

निर्णयहरू :

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको मिति २०८०/०६/१८ गते बसेको गाउँकार्यपालिकाको बैठकले गठन गरेको छानविन समितिलाई तोकिएको विषयमा छानविन गरि प्रतिवेदन पेश गर्ने ३ दिनको समयसिमा दिई जिम्मेवारी प्रदान गरिएकोमा छानविन समितिका संयोजक श्री शारदा कुमारी चौधरी ज्यू ले मिति २०८०/०६/२१ गते पेश गर्नुभएको म्याद थप सम्बन्धी निवेदन बमोजिम प्रतिवेदन पेश गर्ने म्याद थप गरि मिति २०८०/०६/२२ गते साँझ ५ बजेसम्म कायम गर्ने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

बैठक संख्या - ६

आज मिति २०८० साल अश्विन महिनाको २४ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री अम्मर राज शर्मा | |

आमन्त्रित :-

CamScanner

मिति २०८०/०६/२४ गतेको गाउँकार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू :

१. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।
२. मेलमिलापकर्ता सूचिकृत सम्बन्धमा ।
३. कोठा भाडा दर निर्धारण सम्बन्धमा ।
४. कबाडीको सूचनाका लागि न्युनतम दररेट निर्धारण सम्बन्धमा ।
५. विज्ञापन करको न्युनतम दररेट निर्धारण सम्बन्धमा ।
६. पसल दर्ता/नविकरण शिविर सञ्चालन सम्बन्धमा ।
७. गढवा गाउँकार्यपालिका अन्तर्गतका विभिन्न खाताहरू संचालन सम्बन्धमा ।
८. कार्यपालिकाको माईन्युट बन्द गर्ने सम्बन्धमा ।
९. उपभोक्ता समिति गठनका लागि सार्वजनिक सूचना प्रकाशन सम्बन्धमा ।
१०. वडा शिक्षा समिति तथा वडा खेलकुद समिति गठन तथा क्रियाशिल बनाउने सम्बन्धमा ।
११. गाई हेरालुको मासिक सुविधा थप सम्बन्धमा ।
१२. सहकारी व्यवस्थापन तथा अनुगमन समिति गठन सम्बन्धमा ।
१३. निर्माणाधिन शित भण्डार कार्यको म्याद थप गर्ने सम्बन्धमा ।
१४. गत आ व को अहेव तथा कास पदको स्थगित रहेका पदको पदपूर्ति प्रक्रिया रद्ध गर्ने सम्बन्धमा ।
१५. नापजाचँ भएका भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित जग्गाहरूको दर्ता प्रक्रियाको आघि बढाउने सम्बन्धमा ।
१६. वडास्तरिय नदीजन्य पदार्थको अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।
१७. गाउँपालिकामा सडकमा बाँधिने पशु चौपाया हटाउने सम्बन्धमा ।
१८. प्रदेश राजधानी व्यवस्थापनको लागि गढवा १, २ र ३ नं. वडाका जग्गा रोक्काहरू फुकुवा गर्न अनुरोध गर्ने सम्बन्धमा ।
१९. सवारीसाधनको सञ्चालन तथा मर्मतको व्यवस्थापनको लागि समिति गठन गर्ने सम्बन्धमा ।
२०. विपद व्यवस्थापन समितिबाट छनौट भएका योजनाहरूको अनुमोदन गर्ने सम्बन्धमा ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दाङ
नेपाल

CamScanner

२१. गढवा गाउँपालिका क्षेत्रभित्रका नक्साङ्कन नभएका चलनचल्तीका सडकहरू नक्साङ्कनको लागि पहल गर्ने सम्बन्धमा ।
२२. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अर्न्तगतका योजनाहरू छनौट सम्बन्धमा ।
२३. गढवा गाउँपालिकामा गठित छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।

## निर्णयहरू :

**१.** यस गढवा गाउँपालिकाको चालु आ.व. मा यसअघि बसेका गाउँकार्यपालिकाको बैठकमा भए गरेका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**२.** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ तथा न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिको दफा ६० बमोजिम गढवा गाउँपालिकामा न्यायिक निरूपण सम्वन्धी गरिने मेलमिलाप कार्यका लागि न्यायिक समितिको निर्णयबाट सूचिकृत भई आएका तपशिल बमोजिमका मेलमिलापकर्ताहरू सूचीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

| मेलमिलपकर्ताहरूको सूचीकृतहरूको विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं. | दर्ता मिति | वडा नं. र गाउँ | नाम, | सम्पर्क नं. |
| | **बडा नं. १** | | | |
| १ | २०८०।०१।११ | १ बडहरा | नवराज शर्मा | ९८५७०७००९३ |
| २ | २०८०।०१।११ | १ जुरौनी | चन्द्र पुरी | ९८६६७७२१०० |
| ३ | २०८०।१।१२ | १ पत्रिंगा | विष्णुमाया घिमिरे | ९८४७८२५२३१ |
| ४ | २०८०।१।१४ | १ टहडा | मिना गुरूङ | ९८४७८७५४१४ |
| ५ | २०८०।२।३१ | १ बडहरा | राजितराम यादव | ९८४७९५९०३६ |
| | **बडा नं. २** | | | |
| ६ | २०८०।१।१२ | २ कोठरी | भगवती चौधरी | ९८४७५२७२३६ |

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ..., दाङ ..., नेपाल

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

... नारायण शर्मा पोखेल
अध्यक्ष

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०।१।१२ | २ कोठरी | बुद्धिराम चौधरी | ९८१३२६३६०३ |
| ८ | २०८०।१।१७ | २ पचाहा | राम स्वरूप बर्मा | ९८४७८४१८५६ |
| ९ | २०८०।१।१७ | २ घुस्रा | सरस्वती चौधरी | ९८१०८९७०२३ |
| १० | २०८०।१।१७ | २ महदेवा | पोषणराज शर्मा | ९८४१४६१३५९ |
| | बडा नं. ३ | | | |
| ११ | २०८०।१।१३ | ३ सुपैला | शोभा रावत क्षेत्री | ९८०९७९३२५० |
| १२ | २०८०।१।१४ | ३ गोवरडिया | देवेन्द्र कुमार चौधरी | ९८०९५५९३९३ |
| १३ | २०८०।१।१५ | ३ गोवरडिहा | चंचला कुमारी बखरिया | ९८४७९०५६२१ |
| १४ | २०८०।१।१७ | ३ गोवरडिया | सरस्वती योगी | ९८४७८३६१३६ |
| १५ | २०८०।१।१७ | ३ खैरा | लक्ष्मीदेवि चौधरी | ९८१८९७९२८९ |
| | बडा नं. ४ | | | |
| १६ | २०८०।१।१२ | ४ रामनगर | निर्मला कुमारी यादव | ९८४७८६६६६९ |
| १७ | २०८०।१।१७ | ४ कटियानगाउँ | हेमन्तकुमार चौधरी | ९८४७८००६७८ |
| १८ | २०८०।१।१७ | ४ मगरौटा | माया नेपाली | ९८४७९०३०२३ |
| १९ | २०८०।१।१७ | ४ खड्कपुर | जगतबहादुर कुमाल | ९८४७८९३३५८ |
| २० | २०८०।२।३१ | ४ कटियानगाउँ | सिता चौधरी | ९८४५०१६३४० |
| २१ | २०८०।२।३२ | ४ कटियानगाउँ | राधेश्याम चौधरी | ९८४०९३६७६५ |
| | बडा नं. ५ | | | |
| २२ | २०८०।१।१५ | ५ बाँकी | निर्मला भण्डारी | ९८४७८८१३४४ |
| २३ | २०८०।१।१५ | ५ चैनपुर | नारायणप्रसाद भूसाल | ९८४४९६४७६४ |
| २४ | २०८०।१।१५ | ५ बाँकी | चन्द्र बहादुर परियार | ९८४७८९३२५१ |
| | बडा नं. ६ | | | |
| २५ | २०८०।०१।११ | ६ बालाखुट्टी | शिवराज पन्थी | ९८४७८१८९३६ |
| २६ | २०८०।१।१२ | ६ हाँसिपुर | चिन्तामणी पोखेल | ९८४८१९९५९० |
| २७ | २०८०।१।१२ | ६ आँटीपाकर | महेश कुमार अधिकारी | ९८५७८३३१९० |
| २८ | २०८०।१।१५ | ६ गढवा बजार | रमेश कुमार न्यौपाने | ९८४७९४४९३० |
| २९ | २०८०।१।१७ | ६ गढवा | दुखहरण यादव | ९८४७८२६०८८ |
| | २०८०।२।२८ | ६ गढवा | मनिषा चौधरी | ९८६८६६२५४० |
| | बडा नं. ७ | | | |
| ३० | २०८०।१।१३ | ७ झारवैरा | दानबहादुर चौधरी | ९८६८९२०००० |
| ३१ | २०८०।२।३२ | ७ चन्दनपुर | सरिता बोहरा क्षेत्री | ९८४०३३१०९३ |
| ३२ | २०८०।२।३२ | ७ मानपुर | दक्ष चौधरी | ९८४७९२७३६७ |

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | वडा नं. ८ | | | |
| ३३ | २०८०।२।३१ | ८ कोइलावास | चन्द्रबहादुर वि.क. | |
| ३४ | २०८०।२।३२ | ८ कोइलावास | गोमा घर्ती | ९८६८२०१०८९ |

३. गढवा गाउंपालिका अन्तर्गत बजार तथा गाउं क्षेत्रहरूमा घर भाडा लिने/दिने प्रयोजनको लागि दररेट निर्धारण गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| श्री बिर बहादुर आलेमगर | संयोजक |
| श्री बावुराम अधिकारी | सदस्य |
| श्री भक्तु चौधरी | सदस्य |
| श्री राहुदेव चौधरी | सदस्य |
| प्राविधिक (ईन्जिनियर) | सदस्य सचिव |

४. गढवा गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका कबाडी तथा कबाडजन्य चिज बस्तुहरूको आर्थिक लाभ तथा गाउँपालिकाभित्र प्राकृतिक सौन्दर्य बनाई राख्नका लागि यस गढवा गाउँपालिकाभित्र उपलब्ध हुन सक्ने कबाडको अनुमान गरि न्यूनतम रकम रू. ५,००,०००।- (अक्षेरेपी पाचँ लाख मात्र) राखी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

५. गढवा गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका विभिन्न सूचना, होडिङ वोर्ड लगायतबाट यस गढवा गाउँपालिकाभित्र उपलब्ध हुन सक्ने विज्ञापन करको अनुमान गरि न्यूनतम रकम रू. ३,००,०००।- (अक्षेरेपी तिन लाख मात्र) राखी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
अध्यक्ष

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

६. गढवा गाउँपालिकाको क्षेत्रभित्र रहेका दर्ता नभई सञ्चालनमा रहेका पसल तथा व्यवसायहरूलाई गाउँपालिकाको करको दायराभित्र ल्याउन १ महिना अवधिको लागि सूचना आह्वान गरी अभियानको रूपमा पसल दर्ता तथा नविकरण शिविर प्रत्येक वडामा वडा कार्यालय तथा अन्य पायकपर्ने स्थानमा पालैपालो सञ्चालन गर्ने र शिविर सञ्चालनको क्रममा दर्ता हुने पसलहरूलाई ५० प्रतिशत छुट दिई पसल दर्ता गर्ने र नविकरणमा जरिवाना नलगाउने निर्णय गरियो ।

७. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ को उपदफा ५ बमोजिम यस यस गढवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अम्मर राज शर्मा र लेखापाल श्री दानविर चौधरीबाट गाउँपालिका अर्न्तगतका सम्पूर्ण खाताहरू संचालन गर्ने निर्णय गरियो ।

८. गढवा गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णयहरू अब उप्रान्त प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षबाट संयुक्त रूपमा प्रमाणित तथा बन्द गर्ने निर्णय गरियो ।

९. गढवा गाउँपालिकाको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था अनुसार प्रत्येक वडाहरूमा उपभोक्ता समिति गठनको लागि सार्वजनिक सुचना प्रकाशन गरी कार्तिक ३ गतेसम्म गठन गरिसक्नुपर्ने तत् पश्चात उपभोक्ता समितिलाई तालिम प्रदान गर्ने निर्णय गरियो ।

१०. गढवा गाउँपालिकाको शिक्षा ऐन, २०८० को दफा ११ बमोजिम वडा शिक्षा समिति गठन गर्नुपर्ने व्यवस्था भए अनुसार वडा शिक्षा समिति गठन र स्थानियस्तरको खेलकुद सञ्चालन, प्रवर्द्धन तथा विकास गर्न वडा खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

११. गढवा गाउँपालिकाले गौशालामा रहेका छाडा पशुचौपायाहरूको व्यवस्थापन र हेरचाहको लागि कार्यरत ३ जना कर्मचारीहरूलाई निजले खाइपाई आएको मासिक सेवासुविधामा रू.१,०००।०० ( एक हजार ) मात्र थप गरी रू १५,०००।०० कायम गर्न आवश्यक बजेट विनियोजन भएकोले २०८० साल आश्विन महिनादेखि लागु हुनेगरि सोही बमोजिम मासिक सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

१२. गढवा गाउँपालिकाको सहकारी ऐन, २०७४ को व्यवस्था अनुसार सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न तपशिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| जिल्ला सहकारी संघको प्रतिनिधि | सदस्य |
| रोजगार सेवा केन्द्रको संयोजक | सदस्य |
| सहकारी शाखाको प्रमुख | सदस्य सचिव |

१३. आ.व. २०७९।०८० मा सञ्चालित शित भण्डार योजनाको निर्माण कार्यका लागि गत आ.व. मा ठेक्का आह्वान भई निर्माण व्यवसायीसगँ सम्झौता भई गत आ.व.मा सम्झौता अवधिभर सम्ममा अन्तिम कार्यसम्पन्न भई नसकेको र चालु आवमा उक्त योजनाको लागि बजेट सुनिश्चितता भएको हुदाँ मिति २०८० साल मंसिर मसान्त सम्म म्याद थप गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

१४. मिति २०८०।०४।२३ गतेको गढवा गाउँपालिका गाउँकार्यपालिकाको निर्णयले २०७९।१२।२७ गते स्वास्थ्य सेवामा आवश्यक पदमा सेवा करारमा पदपुर्तीका लागि विज्ञापन गरिएकोमा पदपूर्ति सम्बन्धी परिक्षाको सम्पूर्ण प्रक्रियाहरू अर्को व्यवस्था नभएसम्मको लागि स्थगित गरेकोमा सो पदपुर्ती गरि कर्मचारीहरूलाई न्युनतम सेवा सुबिधा समेत उपलब्ध गराउन सम्भव नदेखिएकोले उक्त पदपूर्ति प्रक्रियालाई रद्द गरि दरखास्त आह्वान गरेका उम्मेदवारहरूको राजश्व रकम फिर्ता गर्ने निर्णय गरियो ।

१५. राष्ट्रिय भूमि आयोगले भुमिहिन दलित र भुमिहिन सुकुम्बासीहरूलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि यस गढवा गाउँपालिका नापजाँच भएका जग्गाहरूको प्राप्तीको प्रक्रिया अघि बढाउन नापी कार्यालय र राष्ट्रिय भूमि आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

१६. गढवा गाउँपालिकाको क्षेत्रभित्र रहेका नदी तथा खहरे खोलाहरूबाट अबैधरूपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाहरू संकलन गरि चोरी निकासी गर्ने कार्यलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरिय अनुगमन समिति गठन गर्ने र गाउँपालिकाबाट चोरी नियन्त्रण सम्बन्धि सुचना प्रवाह गर्ने, ईलाका प्रहरी कार्यालय तथा मातहतका प्रहरी चौकीहरूमा पत्राचार गर्ने साथै अनधिकृत रूपमा जबरजस्ती संकलन गरेका नदीजन्य पदार्थको जफत गरि नियन्त्रणमा लिने निर्णय गरियो ।

१७. गढवा गाउँपालिका क्षेत्रभित्र रहेका हुलाकी सडकखण्ड, लमही कोईलाबास सडकखण्ड र यी सडकसँग जोडिएका अन्य सहायक सडकहरूमा घरपालुवा पशुचौपायाहरू सडक क्षेत्रभित्र बाध्ने गरेको पाइएकोले सवारी आवगमनलाई प्रभावित पारेको र सम्भावित सडक दुर्घटना हुन नदिन गाउँपालिकाबाट माइकिङ्ग गरि सचेतना जगाउने र यस कार्यबाट समेत अटेर गरिएमा ईलाका प्रहरी प्रशासनको सहयोगमा कानुन बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

१८. लुम्बिनी प्रदेश सभाले राजधानी व्यवस्थापनको लागि प्रदेश सरकारले मिति २०७७।०६।१६ गते गढवा गाउंपालिका अन्तर्गतका वडा नं. १, २ र ३ का कुनै पनि जग्गाहरू कारोबार गर्न नपाईने गरि निर्णय गरेकोमा हाल उक्त जग्गाहरू रोक्का हुदाँ स्थानीयस्तरको व्यापार व्यावसाय र अन्य आर्थिक कारोवारमा ठुलो मर्का परेको भन्दै जनगुनासो बढेकोले रोक्का गरिएका जग्गाहरू यथाशिघ्र फुकुवा गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१९. गढवा गाउँपालिकामा रहेका सवारी साधनको सञ्चालन तथा मर्मतको व्यवस्थालाई मर्मत, ईन्धन र अन्य सञ्चालन खर्चहरूको मितव्ययितताका साथ निर्धारीत सिमाभित्र राखि पारदर्शिता र जवाफदेहिताको अवस्था सिर्जना गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| हरिभगत चौधरी | संयोज |
| लेखबहादुर थापा | सदस्य |
| तुलसीराम अधिकारी | सदस्य |
| बावुराम अधिकारी | सदस्य |
| सम्भु चौधरी | सदस्य सचिव |

२०. यस गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संयोजक तथा वडा नं. ३ का वडा अध्यक्ष श्री तुलसीराम अधिकारीको संयोजकत्वमा बसेको विपद् व्यवस्थापन समितिको बैठकमा छनौट भएका योजनाहरूको प्राविधिक स्टीमेट बमोजिम कार्यान्वियनको लागि अनुमोदन गर्ने निर्णय गरियो ।

२१. गढवा गाउँपालिका क्षेत्रभित्रका सरकारी जग्गामा रहेका नक्साङ्कन नभएका चलन चल्तीमा प्रयोगमा आईरहेका सार्वजनिक सडकहरूलाई सरकारको स्वामित्वमा रहेने गरि नक्साङ्कन गर्न पहल गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

२२. यस गढवा गाउँपालिका अर्न्तगत नेपाल जलवायु अनुकुलन सहयोग कार्यक्रमका लागि तपशिल बमोजिमका योजना छनौट गर्ने निर्णय गरियो

तपशिल :

१. सिमलतारा सिचाई कुलो बाँध निरन्तरता
२. कोईलाबास पुनर्भरण बाँध निर्माण तथा मर्मत संभार
३. सुपैला खोला तटबन्ध
४. सुकिदहवा जलाधार क्षेत्र संरक्षण
५. सुकै बनघुस्री खोला तटबन्ध

२३. यस गाउँकार्यपालिकाको मिति २०८०/०६/१८ गतेको गाउँकार्यपालिकाको बैठकले गठन गरेको छानविन समितिको प्रतिवेदन आजको बैठकमा प्राप्त भयो साथै उक्त प्रतिवेदनलाई सुरक्षित साथ राख्ने र आवश्यक परेको खण्डमा अनुसन्धानरत निकायबाट माग भएमा पठाउने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

बैठक संख्या - ७

आज मिति २०८० साल कार्तिक महिनाको १८ गतेका दिन यस गढवा गौउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गौउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री अम्मर राज शर्मा | |

आमन्त्रित :-

सहयोगी :

श्री कृष्ण प्रसाद पौडेल, सहायक पाँचौ

## मिति २०८०/०७/१९ गतेको गाउँकार्यपालिका पहिलो बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

३. जाजरकोट, रूकुम पूर्व र रूकुम पशिचम क्षेत्रमा गएको भूकम्प प्रभावित क्षेत्रका लागि आवश्यक सहयोग सम्बन्धमा ।

४. कृषि अधिकृत र प्राविधिक सहायक पदको विज्ञापन गरिएकोमा सो को समर्थन सम्बन्धमा ।

५. लोकसेवा तयारी कक्षा संचालनका लागि शुल्क निर्धारण र साझेदारीका लागि सूचना आह्वान सम्बन्धमा ।

६. संघसंस्थाबाट संचालन हुने कार्यक्रमका लागि हलभाडा वापत शुल्क निर्धारण सम्बन्धमा ।

७. गढवा गाउँपालिकाका किसानहरूले गरेको फूल खेतीलाई सहुलियत सम्बन्धमा ।

८. सर्पदंश उपचार केन्द्र, दमकल सेवा, फोहोरमैला व्यवस्थापन, यातायात भाडादर आदिमा अर्न्तपालिका बैठक बस्नुअघि प्रस्तावहरू तयार गर्ने सम्बन्धमा ।

९. चालु आ.व. का योजनाहरूको कार्यान्वियनका लागि मसिंरमसान्तसम्म सम्झौता गरिसक्ने सम्बन्धमा ।

१०. नदिजन्य पदार्थको चोरी निकासी रोक्नका लागि प्रभावकारी नियमन अनुगमन सम्बन्धमा ।

११. नदिजन्य पदार्थको चोरी निकासी कार्यमा जरिवाना सम्बन्धमा । (कबोल रकमको १० प्रतिशत जरिवाना गर्ने ।)

१२. गत वर्षको नदिजन्य पदार्थको चोरी उत्खनन् तथा विक्रि वितरण तथा चोरी नियन्त्रण कार्यमा डोर हाजिरीमा खटिएका व्यक्तिहरूको पारिश्रमिक भुक्तानी छुट हुन गएको भुक्तानीको दायित्व सम्बन्धमा ।

श्री सुरेन्द्र कुमाल ४५,६००

श्री महेश कुमाल ४६,८००

अमर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

ग) २ नं वडा कार्यालयमा चन्द्रीका चौधरीको २०८० जेष्ठ १ गतेदेखि भाद्र मसान्तसम्मको र ६ नम्बर वडा कार्यालयमा मुस्कान विश्वकर्माको भाद्र र अश्विन महिनाको डोरहाजिरिमा कामकाज गराईएकोमा सो को भुक्तानी सर्मथन र आगामी दिनहरूमा सो को व्यवस्थापन सम्बन्धमा ।

घ) ईन्धनको भुक्तानी सम्बन्धमा ।
२०८०/०५/२६ मा ओम त्रिकुटा गुरूधाम नेपाल गढवा ३ गोबरडिहालाई गाडी नम्बर रा १ क ११४१ लाई १५० लिटर डिजल उपलब्ध गराईएकोमा सो को भुक्तानी सम्बन्धमा ।

१४. नेपाली सेनाको लमहीमा पूर्वाधार निर्माणका लागि आर्थिक सहायता माग गरेकोमा सो को सहयोग सम्बन्धमा ।

१५. विविध विषय सम्बन्धमा ।

- राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगतको जग्गा नापँजाच कार्यक्रमका लागि सहयोगी व्यवस्थापन सम्बन्धमा ।
- स्वास्थ्य चौकीहरूमा सि.सि.टिभि जडान सम्बन्धमा ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको चालु आ.व. मा यस अघि बसेको गाउँकार्यपालिकाको वैठकमा भए गरेका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भए पश्चात गरिएका सम्पूर्ण अनुगमनको आश्विन महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. मिति २०८०।०७।१७ गते राती जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पका कारण भूकम्प प्रभावित क्षेत्रहरूमा ठुलो मात्रामा जनधनको क्षति भएको हुदाँ यस दुखद घडिमा मृतकहरूमा हार्दिक श्रद्धान्जली, परिवारजनमा समवेदना र घाईतेहरूलाई शिर्घ स्वास्थ्यलाभको कामना गर्दै यस संकटको घडिमा विपद्मा परेकाहरूलाई राहत स्वरूप यस गढवा गाउँपालिका गाउँकार्यपालिको तर्फबाट गाउँपालिकामा कार्यरत सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूको एक दिन वरावरको तलब र विपद् व्यवस्थापन कोषबाट रू ५,००,०००।०० ( अक्षेरूपी पाचँ लाख रूपैयाँ ) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

४. यस गढवा गाउँपालिका अर्न्तगतक संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानको कार्यक्रम अर्न्तगत कृषि स्नातक सेवा करार पदमा १ जना र रोजगार सेवा केन्द्रका लागि युवा रोजगार कार्यक्रम अर्न्तगत प्राविधिक सहायक पदमा १ जना कामकाज गर्नको लागि गरिएको विज्ञापन मिति

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०७।१५ गते नया युगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचनालाई समर्थन गर्ने निर्णय गरियो ।

५. यस गढवा गाउँपालिकाको चालु आ.व. मा लोकसेवा आयोग तयारी कक्षा संचालन शीर्षकमा बजेट विनियोजन भएकोमा वडा कार्यालयबाट सहभागी माग गरि लोकसेवा कक्षा सञ्चालन अवधिभर ८० प्रतिशत उपस्थित हुने विद्यार्थिहरूको मात्र धरौटी वापत रू. ५०० फिर्ता हुने गरि साझेदारीमा लोकसेवा आयोग तयारी कक्षा संचालन गर्नको लागि सूचना आह्वान गर्ने निर्णय गरियो ।

६. विभिन्न संघसंस्थाहरूबाट संचालन हुने कार्यक्रमको हकमा यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको भवनमा रहेको सभाहललाई लागि प्रयोग गर्न नदिने र पालिकाको भवन नजिकै रहेको गाउँसभाहललाई कार्यक्रम संचालन गर्न प्रतिदिन रू १,००० ( एक हजार रूपैयाँ ) सरसफाई तथा हलभाडा वापतको दस्तुर निर्धारण गरि प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

७. यस गढवा गाउँपालिकामा व्यवसायिक रूपमा पुष्प खेतीको विकास तथा व्यवसायिकरण गरि स्थानीय उत्पादनलाई बजारीकरण गर्न व्यवसायी कृषकहरूको उत्पादनलाई प्रोत्साहन गरि आवश्यक सहयोग सहित प्रवर्द्धन तथा विकास गर्ने निर्णय गरियो ।

८. सर्पदंश उपचार केन्द्र, दमकल सेवा, फोहरमैला व्यवस्थापन तथा यातायात भाडादर लगायतका विषयहरूमा आवश्यक व्यवस्थापन तथा निर्णय गर्नको लागि छिमेकी पालिकाहरूसँग समेत छलफल तथा समन्वय गर्न आवश्यक देखिएकोले माथि उल्लेखित विषयहरूमा गढवा गाउँपालिकाको तर्फबाट अन्तरपालिका समन्वय वैठक आयोजना गर्ने निर्णय गरियो ।

९. गढवा गाउँपालिका चालु आ.व. विनियोजित वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिबाट कार्यान्वयन हुने विकास निर्माणका

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

योजनाहरूको आगामी मंसिर मसान्तसम्म सम्झौता गरि कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१० गढवा गाउँपालिकामा रहेका विभिन्न खहरे खोलाहरू तथा राप्ती नदीबाट ढुङ्गा, गिट्टी, वालुवा लगायत नदीजन्य पदार्थ अवैधरूपमा हुने चोरी निकासीलाई नियमन तथा नियन्त्रण गर्न गाउँपालिकाबाट अनुगमन गर्ने साथै चोरी निकासीलाई नियन्त्रण गर्न ईलाका प्रहरी कार्यालय, गढवालाई पत्राचार तथा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

११. गढवा गाउँपालिका अर्न्तगतका नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्रि वितरण सम्बन्धी केही ठेक्काहरूमा गाउँपालिकाले आय ठेक्का अनुगमन गर्दा तोकिएको परिमाण भन्दा बढी परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरेको पाइएकाले जरिवाना स्वरूप निज व्यवसायीहरूबाट ठेक्का कबोल गर्दा कबोल गरेको दररेटको १० प्रतिशत जरिवाना थप गरि असुलउपर गरिएकोमा सोको समर्थन गर्ने र जरिवाना असुलउपर हुन बाँकी रहेकोमा सोही बमोजिम ताकेता गरी असुलउपर गर्ने निर्णय गरियो ।

१२. गत आ.व.मा यस गढवा गाउँपालिकाका ठेक्का नलागेका घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा हुनसक्ने सम्भावित अनियमितता रोक्नका लागि स्थानीय वासिन्दालाई निरीक्षण कार्यमा खटाइएको हुदा १ नं. वडा कार्यालयको सिफारिस अनुसार २०७९ चैत्र देखि २०८० जेष्ठसम्म होर हाजिरीमा खटिएका तपशिल बमोजिमका व्यक्तिहरको पारिश्रमिक भुक्तानी छुट हुन गएकोले विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशिल :
श्री सुरेन्द्र कुमाल - ४५,६००
श्री महेश कुमाल - ४६,८००

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पौडेल
अध्यक्ष

१३ आर्थिक प्रशासन शाखाबाट प्राप्त नगरपालिका विभिन्न शीर्षकहरूमा भएको खर्चहरूको समर्थन गर्ने निर्णय गरियो ।

क) विपद व्यवस्थापन अन्तर्गतको भुक्तानी समर्थन

१ काली मन्दिर छेउको पोखेल समाज कुलघरको पश्चिमपट्टि भानुडोल्हे खोला तटबन्ध रू २,६९,०००

२ बाँकी गाउँको बस्ती चौधरीको घरको दक्षिणपट्टि खोला कटान नियन्त्रण रू १,९४,०००

३ दुनीचौर कचबेको माथि पट्टि खोलाको कटान नियन्त्रण रू ७४,५००

४ सुपैला खोला तटबन्धन रू ९,४६,०००/-

५ फोटोको आधारमा वडा नम्बर २ र ३ को विभिन्न खोलामा बाढीले अवरूद्ध बाटो सुचारू कार्यको वडाको सिफारिस बमोजिम रू. ५८,१५५

६ नदिजन्य पदार्थको चोरी निकासी रोक्न चौकीदार वडा नं. ६ का धरमराज यादव र वडा नं. ३ का ज्ञानप्रसाद चौधरीलाई भुक्तानी रू. ६६,०००

७ वडा नं. १ मलमला बाटो मर्मत कार्यको प्राविधिक मुल्याङ्कन बमोजिम मोनालिसा उर्मिला निर्माण सेवालाई भुक्तानी रू ८१,०००

८ वडा नं. ३ राप्ती नदिमा बेवारिसे लास व्यवस्थापन गर्दाको खर्च भुक्तानी रू २०,३००

ख) दुर्घटना तथा शारिरिक अस्वस्थताको अवस्थामा विपन्न परिवारलाई परिवारको सदस्यको नाममा भएको आर्थिक सहयोगको भुक्तानी समर्थन

| | |
|---|---|
| १. ईश्व बहादुर सुनार | रू ५,०००/- |
| २. बसन्ती चौधरी | रू १०,०००/- |
| ३. मोहम्मद सरिफ गुजर | रू१०,०००/- |
| ४. हम्तुराम चौधरी | रू १०,०००/- |
| ५. अनिल कुमार चौधरी | रू ८,०००/- |
| ६. जिउपाले कुमाल | रू १०,०००/- |
| ७. दान बहादुर चौधरी | रू १०,०००/- |
| ८. प्रेम लाल वि.क. | रू १०,०००/- |
| ९. विश्वराम अहिर | रू १०,०००/- |
| १०. शुसिला चौधरी | रू १०,०००/- |

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पोखेल
अध्यक्ष

| | | |
|---|---|---|
| ११ | अब्दुल मनिहार | रू १०,०००।- |
| १२ | सिता पुन मगर | रू १०,०००।- |

ग) २ नं वडा कार्यालयमा चन्द्रीका चौधरीको २०८० जेष्ठ १ गतेदेखि भाद्र मसान्तसम्मको र ६ नम्बर वडा कार्यालयमा मुस्कान विश्वकर्माको भाद्र र अश्विन महिनाको डोरहाजिरिमा कामकाज गराईएकोमा सो को भुक्तानी सर्मथन र लोकसेवाबाट कर्मचारी आईनपुग्दासम्म डोरहाजिरीमा कामकाजमा लगाउने निर्णय गरियो ।

घ) ईन्धनको भुक्तानी सम्बन्धमा ।

१. २०८०/०५/२६ मा ओम त्रिकुटा गुरूधाम नेपाल गढवा ३ गोबरडिहालाई गाडी नम्बर रा १ क ११४१ लाई १५० लिटर डिजल उपलब्ध गराईएकोमा सो को भुक्तानी दिने निर्णय गरियो ।

१४. नेपाली सेना लमही व्यारेक भवनको मर्मत कार्यको लागि आर्थिक सहायता माग भई आएकोमा पूर्वाधार विकास शाखाको लागत अनुमान तथा मुल्याङ्कन बमोजिमको रकम रू. २,२२,३१५।०० (अक्षेरूपी दुई लाख वाइस हजार तिन सय पन्ध्र रूपैयाँ ) आन्तरिक स्रोतबाट व्ययभार हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

१५. मिति २०७९।११।१९ गतेको गाउँकार्यपालिकाको निर्णय नं. १६ मा १ नं. वडा र २ नं. वडामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगतको जग्गा नापँजाच कार्यक्रमका लागि सहयोगी व्यवस्थापन गरिएकोमा सोही वमोजिम अन्य वडाहरूमा पनि दैनिक रू. ६०० का दरले डोरहाजिरीमा कामकाजमा लगाउने निर्णय गरियो ।

१६. यस गढवा गाउँपालिका अर्न्तगत रहेका स्वास्थ्य चौकीहरूमा सेवाग्राही तथा जिन्सी सामानहरूको सुरक्षार्थ आवश्यकता अनुसार सि.सि.टिभि जडानको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या - ८

आज मिति २०८० साल मंसिर महिनाको २१ गतेका दिन यस मढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा मढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री अम्मर राज शर्मा | |

आमन्त्रित :-

सहयोगी :

श्री कृष्ण प्रसाद पौडेल, सहायक पाँचौ

CamScanner

मिति २०८०/०८/२८ गतेको गाउँकार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरूको समिक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको मासिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

३. गढवा गाउँपालिकाको नगर प्रहरी नियमावली, २०८० सम्बन्धमा ।

४. गढवा गाउँपालिकाको कृष उपज संकलन तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन एवम सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा ।

५. गढवा गाउंपालिकाको गाउं युवा परिषद् सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा ।

६. गढवा गाउंपालिकामा आवश्यक पर्ने नगर प्रहरीको संख्या निर्धारण र विज्ञापन आह्वान गर्ने सम्बन्धमा ।

७. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

८. छिमेकी पालिकाहरूसँग साझेदारी कार्यक्रम सम्बन्धमा ।

९. गरिब घरपरिवार परिचय पत्र सम्बन्धमा ।

१०. सेरामिक्स सम्बन्धी अध्ययन गर्ने विद्यार्थिहरूको आवेदन फारम संकलन गर्ने सम्बन्धमा ।

११. सेरामिक्स हब निर्माणका लागि तालिम तथा अवलोकन सम्बन्धमा ।

१२. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।

१३. घरजग्गा अभिलेखिकरण सम्बन्धमा ।

१४. गाउँपालिकाको सडक गुरूयोजना, भवन तथा वस्ती विकास मापदण्ड र औद्योगिक ग्राम निर्माण गर्ने सम्बन्धमा ।

१५. जनताको तटबन्ध निर्माण कार्यको क्रममा निस्केका ढुङ्गा सम्बन्धमा ।

१६. शिक्षा तर्फ विनियोजित बजेट सम्बन्धमा ।

१७. विपद् व्यवस्थापन तालिम सम्बन्धमा ।

१८. गाउँपालिका अन्तर्गत आवश्यक भान्से डोरहाजिरीमा कामकाज गराईएकोमा सोको समर्थन सम्बन्धमा ।

अम्मर रजि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१९. ईलाका प्रहरी कार्यालयको पर्खाल रङरोगनको भुक्तानी सम्बन्धमा ।

२०. आर्थिक सहयोग सम्बन्धमा ।

२१. लेखा शाखाबाट भएका भुक्तानी समर्थन सम्बन्धमा ।

२२. अघिल्लो आ.व.मा विपद् व्यवस्थापन समितिको निर्णयबाट वडा नं.८ स्थित सिढी निर्माणको रकम भुक्तानी सम्बन्धमा ।

२३. घ वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धमा ।

२४. आर्थिक स्रोत सुनिश्चतता सम्बन्धमा ।

२५. विविध सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको चालु आ.व.मा यस अघि बसेको गाउँकार्यपालिकाको वैठकको वैठक संख्या ७ मा भए गरेका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वियनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वियन चरणमा तथा सम्पन्न भए पश्चात गरिएका सम्पूर्ण अनुगमनको कार्तिक महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. गढवा गाउँपालिकाको प्रशासनिक कार्य सहजताको लागि आवश्यक विधेयक समितिमा दफावर छलफल गरि निर्णय भई आएको गढवा गाउँपालिकाको नगर प्रहरी नियमावली, २०८० लाई आवश्यक संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

४. गढवा गाउँपालिकामा कृषि उपज संकलन केन्द्र स्थापना तथा कृषि एमबुलेन्स संचालन तथा व्यवस्थापन लागि आवश्यक कानून निर्माणका लागि विधेयक समितिमा दफावर छलफल गरि निर्णय भई आएको गढवा गाउँपालिकाको कृषि उपज संकलन तथा कृषि एमबुलेन्स सेवा व्यवस्थापन एवं सञ्चालन कार्यविधि, २०८० लाई आवश्यक संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

अमर [illegible] थापा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

५. यस गढवा गाउँपालिकामा युवा परिषद संचालन तथा व्यवस्थापनको आवश्यक कानून निर्माणका लागि विधेयक समितिमा दफावार छलफल गरि निर्णय भई आएको गढवा गाउँपालिकाको गाउँ युवा परिषद् सञ्चालन कार्यविधि, २०८० लाई आवश्यक संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

६. स्थानीय सरकारका रूपमा गढवा गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउदै पालिकाभित्र शान्ती सुव्यवस्था कायम गर्न तथा गाउँपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारीता ल्याउन गढवा गाउँपालिकाको नगर प्रहरी ऐन, २०७९ र नियमावली, २०८० मा भएको व्यवस्थाको अधिनमा रहने गरी आवश्यक सख्या १० जना प्रहरी जवान सेवा करारमा लिई काम गराउनु पर्ने भएकोले सो को लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

७. यस गढवा गाउंपालिकाको चालु आ.व. २०८०/०८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गढवा गाउंपालिका गाउंकार्यपालिकाको कार्यालयको सभाहल, गढवा-६ मा यही पौष महिनाको ०५ गतेका दिन विहान ११ बजेदेखि संचालन गर्ने साथै प्रचारप्रसारको लागि स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक सूचना प्रकाशन गर्ने, वडा कार्यालय तथा जनसम्पर्क धेरै हुने स्थानमा सार्वजनिक सूचना टाँस गर्ने निर्णय गरियो ।

८. सार्वजनिक सरोकारका विषयहरू नदिजन्य पदार्थ व्यवस्थपन, फोहरमैला व्यवस्थापन र अटो भिलेज निर्माणका लागि देउखुरी क्षेत्रका पालिकाहरूसँग आवश्यक समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने गरि अन्तरपालिका समन्वय वैठक आयोजना गर्ने निर्णय गरियो ।

९. यस गाउँपालिकामा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम अन्तर्गत गरिब घर परिवार पहिचान कार्यक्रमको तथ्याङ्क संकलन तथा अनलाईन प्रविष्ट कार्य आ.व. २०७६।०७७ मा भएको र सोही बमोजिम गरिब परिचय पत्र वितरण गर्ने सम्बन्धमा यस अघि नै मन्त्रालयबाट गरिबहरूको सूचि, परिचय पत्र कार्ड, गरिब परिवार परिचय पत्र वितरण कार्यविधि, २०७९ समेत गाउँपालिकाको कार्यालयमा पठाईसकेकोमा यस अघिको मिति २०७९।१०।११ गतेको गाउँकार्यपालिकाको वैठकमा गरिब परिचय पत्र वितरण नगर्ने भनि निर्णय भएको हुदाँ हाल सामाजिक न्याय तथा सुरक्षासँग सम्बन्धित स्वास्थ्य, शिक्षा लगायतका विभिन्न अनुदान तथा कार्यक्रममा परिचयपत्र वितरण नभएको आधारमा वास्तविक गरिबहरू सो अनुदान तथा कार्यक्रमहरूबाट वन्चित पर्ने देखिएकोले गरिब घरपरिवार परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

अम्बर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम ना[illegible]

१०. यस गढवा गाउँपालिका अन्तर्गत विभिन्न स्थानहरूमा मुख्यत कुमाल तथा थारू बस्तीमा स्थानीय स्तरमा नै सीप र प्रविधि प्रयोग गरि माटोका भाडाहरू उत्पादन गर्दै आईरहेकोमा यस व्यवसायलाई संरक्षण गर्दै प्रविधियुक्त र व्यवसायिक उत्पादन क्षमतामा अभिवृद्धि गर्न सोही समुदाय र बस्तीका विद्यार्थीहरूको प्रोत्साहन गरि काठमाडौं विश्वविद्यालय स्कूल अफ आर्टस, डिपार्टमेन्ट अफ आर्टस एण्ड डिजाईन हात्तीवन, ललितपुर नेपालसँग सेवा र शर्तको विषयमा सम्झौता गरि स्नातक तहको "व्याचलर अफ क्राफ्ट एण्ड डिजाईन" कोर्षको अध्ययन गर्न विद्यार्थीलाई छात्रवृत्ती प्रदानको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११. यस गढवा गाउंपालिका अन्तर्गत विभिन्न कुमाल तथा थारू समुदायका वस्तीहरूमा स्थानीयस्तरको नै सिप र प्रविधि प्रयोग गरि माटोका भाडाहरू उत्पादन गर्दै आईरहेकोमा सेरामिक्स हव निर्माण गरि प्रविधियुक्त व्यावसायिक रूपमा उत्पादन क्षमता वृद्धि गर्न सो समुदायका सो व्यवसायमा आवद्ध व्यवसायीहरूलाई सिप, क्षमता विकासको लागि यस पालिकामा चालु आवको सेरामिक्स हव निर्माण कार्यक्रमको शिर्षकबाट व्ययभार हुने गरि अध्ययन अवलोकन भ्रमण र तालिमको लागि पठाउने निर्णय गरियो ।

१२. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फ नवीकरणीय ऊर्जा प्रविधि जडान ( वायोग्यांस/विद्युतीय चुलो/सुधारीएको चुलो/सौर्य ऊर्जा) शीर्षकमा विनियोजित बजेट तर्फको कार्यक्रम गढवा गाउँपालिकाको वडा नं ३ स्थित ऐतिहासिक पर्यटकीय स्थल श्री सिद्ध बाघनाथ बाबा धाम जङ्गलकुटीमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३. यस गढवा गाउँपालिका अन्तर्गत भवन तथा घरहरू निर्माण भईसकेका तर नक्सापास नगरि निर्माण गरीएका भवन तथा घरहरूको नक्सापास गर्ने सन्दर्भमा कानुनी व्यवस्था नभएको हुदाँ सो सम्बधमा कार्यविधि निर्माण गर्ने र मस्यौदा तयार गर्न प्राविधिक शाखालाई जिम्मेवारी दिने र सो सम्बन्धमा आवश्यक कानून निर्माण भएपश्चात मात्र अभिलेखिकरण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१४. गढवा गाउँपालिकाको सडक गुरूयोजना, भवन तथा वस्ती विकास मापदण्ड र औधोगिक ग्राम निर्माण गर्न आवश्यक देखिएकोले परामर्श सेवा खरिद विधिबाट गर्ने निर्णय गरियो ।

१५. गढवा गाउँपालिकाका विभिन्न क्षेत्रमा नेपाल सरकारबाट संचालित जनताको तटबन्ध आयोजनाको निर्माण कार्यको क्रममा निस्केका नदीजन्य पदार्थ ढुङ्गाको परिमाण प्राविधिक नापजाँच र स्टक प्रामाणित गरी गढवा गाउँपालिकामा सो परिमाण बमोजिमको राजश्व दाखिला गरे पश्चात मात्र उक्त ढुङ्गा प्रयोग गर्न दिने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण [illegible]

CS CamScanner

१६. शिक्षा समितिको बैठकबाट प्रस्तावित तपशिलका कार्यक्रमहरूको सम्बन्धमा देहायबमोजिमको निर्णय गरियो ।

क) चालु आवमा शिक्षातर्फ विनियोजित शिक्षक, विद्यार्थी र अभिभावकहरूको लागि जीवन उपयोगी शिक्षा तपशिलका विद्यालयहरूमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| शीर्षक | बजेट | सञ्चालन हुने विद्यालय |
|---|---|---|
| शिक्षक, विद्यार्थी र अभिभावकहरूको लागि जीवन उपयोगी शिक्षा | ८,००,०००।०० | जनता मावि कालाकाटे |
| | | माध्यमिक विद्यालय पर्चाहिया |
| | | आदर्श रात्री आ वि गोबरडिहा |
| | | दिपेन्द्र होमजुन मावि पर्सेनी |
| | | माध्यमिक विद्यालय चैनपुर |
| | | बालकल्याण आवि बालाखुटी |
| | | सरस्वती आवि चन्दनपुर |
| | | महेन्द्र आवि कोइलाबास |

ख) चालु आवमा विनियोजित शिक्षा तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न सामादायिक विद्यालयहरूका लागि प्रस्तावना आह्वानको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | क्षेत्र | जम्मा रकम |
|---|---|---|---|
| १ | पढ्दै कमाउदै | | रू.५,००,०००।०० |
| २ | हरित विद्यालय | | रू.२,५०,०००।०० |
| ३ | विद्यालय पूर्वाधार विकास | भवन निर्माण | रू.७९,७०,०००।०० |
| | | पर्खाल निर्माण | |
| | | शौचालय निर्माण तथा मर्मत संभार | |
| | | फर्निचर निर्माण | |
| | | स्वच्छ पिउने पानी व्यवस्थापन | |

१७. गढवा गाउँपालिकामा आगलागी, डुवान लगायतका विपदजन्य घटनाहरूको उच्च जोखिम रहेकोले विपद्जन्य जोखिमको समयमा प्रतिकार्य गरि जोखिमको क्षति न्यूनिकरण गर्न गढवा गाउँपालिकाका क्षेत्रमा वसोवास गर्ने सामान्य रूपमा आगलागी नियन्त्रण र पौडी खेल्न सक्ने ईच्छुक व्यक्तिहरूलाई आगलागी नियन्त्रण तथा गोताखोर तालिमको लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

१८. गढवा गाउँपालिका अन्तर्गत आवश्यक भान्से डोरहाजिरीमा मिति २०८०/०७/२२ गतेदेखि कामकाज गराउदै आईएकोमा सोको समर्थन गर्दै दैनिक रू ६२० को दरले पारिश्रमिक भुक्तनी गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पौडेल
अध्यक्ष

१९. ईलाका प्रहरी कार्यालयको पर्खाल [illegible] कार्य विपद व्यवस्थापन समितिको निर्णयबाट विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय भई आएको हुँदा विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी नगरी समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

२०. यस गढवा गाउँपालिकामा पर्न आएका विविध विषयका निवेदन उपर तपशिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम | ठेगाना | सहयोग रकम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | कौशिला देवी विश्वकर्मा | गढवा ४ | २०,०००।- | निजको दुर्घटना भई देब्रे हात भाँचिएको र आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले | दलित महिला सदस्य |
| २ | मिना पुन | गढवा ८ | २०,०००।- | निजको गढवा गाउँपालिकाको कार्यलयको बैठकबाट घर फर्कदा दुर्घटना भएको र आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले | महिला सदस्य |
| ३ | यादव विद्यार्थि समाज | गढवा गा.पा | २०,०००।- | दशै, दिपावली र छठ पर्वको अवसरमा फटवल प्रतियोगिता आयोजना भई सञ्चालन भएको आर्थिक सहयोग प्रदान गरिएको | |
| ४ | प्रतिक चौधरी | गढवा ७ | १०,०००।- | भारतको हैदरावादमा हुनगइरहेको लिफ्टिङ् तथा इनकलाईन बेन्चप्रेश दशौं विश्व च्याम्पियनसिपमा सहभागी हुन जाने खेलाडी | |
| ५ | | | ३५,०००।- | मधेशी तर्फको गडिया पर्वको कार्यक्रम खर्च | |

२१. आर्थिक प्रशासन शाखाबाट प्राप्त तपशिलका विभिन्न शीर्षकहरूमा भएको खर्चहरूको समर्थन गर्ने निर्णय गरियो ।

क) विपद व्यवस्थापन अर्न्तगतको भुक्तानी समर्थन

१. वडा नं. ३ अन्तर्गत कफलि खोला तटबन्ध रू. १,२२,२००

२. वडा नं ५ अन्तर्गत चैनपुर विद्यालयनेरको खोला कटान नियन्त्रण रू. ३,९८,४००

३. वडा नं. २ अन्तर्गत मोटर खरिदको श्री महादेवा खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई भुक्तानी रू. १,९९,०००

४. वडा नं. १ अन्तर्गत पुतली वजार जेठानगाउँ गुलरहनिया खोला नियन्त्रण रू. ४,५७,५००

५. वडा नं. ४ अन्तर्गत खडकपुर देखि दङ्गाली कुलो जाने बाटो ग्राभेल रू. १,९९,०००

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

ख) दुर्घटना तथा शारिरिक अस्वस्थताको अवस्थामा विपन्न परिवारलाई परिवारको सदस्यको नाममा भएको आर्थिक सहयोगको भुक्तानी समर्थन

| | |
|---|---|
| क) आयुष चौधरी | १०,००० |
| ख) पार्वती कुमारी नेपाली | १०,००० |
| ग) बिना चौधरी | १०,००० |
| घ) राज कुमारी चौधरी | १०,००० |
| ङ) कृष्ण चौधरी | १०,००० |
| च) मनोज कुमार चौधरी | १०,००० |
| छ) हुकुमा देवी बुढाथोकी | १०,००० |
| ज) जानकी चौधरी | १०,००० |
| झ) बसन्ती चौधरी | १०,००० |
| ञ) भागिराम चौधरी | १०,००० |
| ट) भिमा कुमारी कुमाल | १०,००० |
| ठ) हरिराम यादव | १०,००० |
| ड) लक्ष्मी चौधरी | १०,००० |
| ढ) विरसिंह सुनार | १०,००० |
| ण) हरिराम चौधरी | १०,००० |
| त) प्रेमलाल चौधरी | १०,००० |
| थ) जुगनी चौधरी | १०,००० |
| द) फातमा पठान | १०,००० |
| ध) खिमा कुमारी वोक्टी | १०,००० |
| न) मान बहादुर चौधरी | १०,००० |

२२. आ.व. २०७९।०८० मा विपद व्यवस्थापनबाट गढवा गाउँपालिका ८ नं. वडा अन्तर्गत सिढि निर्माण कार्यको निर्माण सम्पन्न भएकोमा अविरल वर्षाको कारण बगाएको भनि वि.सं.२०८० साल असार २१ गते प्रहरी सर्जिमिन मुचुल्का गरिएकोले तथा पुन सोही स्थानमा सिढि निर्माण गरी कार्यसम्पन्न भईसकेको हुदाँ प्राविधिक मुल्याङ्कन बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

अम्बर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
सदस्य

२३. यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी इंजाजतका लागि पर्न आएका निवेदन 'घ' वर्गको ईजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गढवा गाउँपालिकामा गठित जाँचबुझ तथा सिफारिस समितिको मिति २०८० साल मंसिर महिनाको २१ गतेको सिफारिस बमोजिम तपशिल बमोजिमका निर्माण व्यवसायीहरूलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | फर्मको नाम | प्रोपराइटर | ठेगाना |
|---|---|---|---|
| १ | प्रवेश एण्ड कान्छा निर्माण सेवा | भोजराज के.सी. | गढवा गा.पा. वडा नं. १ |
| २ | आर.एल.निर्माण सेवा | रामलाल राना | गढवा गा.पा. वडा नं. ३ |
| ३ | पुष्पाञ्जली निर्माण सेवा | पुष्पराज घिमिरे | गढवा गा.पा. वडा नं. ७ |

२४. आर्थिक स्रोतको सुनिश्चितता सम्बन्धमा ।

क) गढवा स्वास्थ्य चौकीको सिसि क्यामेरा जडान कार्यको लागि रू. २,४०,००० लागत अनुमान तयार स्विकृत भएको र सो दायित्व रकम सूचना प्रणाली तथा सफ्टवयेर सञ्चालन खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ख) गढवा गाउंपालिकाको वडा नं. ३ मा अवस्थित गोवरडिहा सामुदायिक वनसँगको साभेदारीमा वन र वनपैदवारबाट समुदायमा लाभ हुने उत्पादनमुलनक क्षेत्रमा पालिकाबाट समपुरक कोषबाट व्यभार हुने गरी रू.२,००,०००।०० र गोवरडिहा सामुदायिक वनबाट रू.२,००,०००।०० लगानी हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

२५. विविध विषय सम्बन्धमा :

क) गाई संरक्षण केन्द्र, गौशालाको जग्गा व्यवस्थापन तथा संरचना निर्माण कार्य गर्दा गढवा गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री विर बहादुर आलेमगर र ६ नं वडा कार्यालयलाई विपक्षी बनाई दाङ जिल्ला अदालतमा दायर गरेको निषेधाज्ञा र अदालतको अवहेलना मुद्दामा वडा कार्यालयको प्रतिनिधी भई वडा अध्यक्ष श्री विर वहादुर आलेमगरको तर्फबाट अधिवक्ता श्री नुमानन्द आचार्य मुद्दाको लिखित जवाफ मस्यौदा, वहस पैरवी गरेवापत लागेको रकम रू. ४०,०००।०० वडा अध्यक्ष श्री विर बहादुर आलेमगरलाई भुक्तनी दिने निर्णय गरियो ।

ख) यस गढवा गाउँपालिका अन्तर्गतका नदि तथा खोला घाटहरूमा विभिन्न समयमा नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा) चोरीका घटनाहरू भईरहेको भन्ने सुनिएकोले गाउँपालिकाका नदि तथा खोलामा हुने यस्ता चोरीका घटनाहरूलाई निरूत्साहित गर्न सुरक्षा निकायको सहयोगमा अभियानको रूपमा प्रभावकारी अनुगमन गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पौडेल
अध्यक्ष

CamScanner

ग) गढवा गाउँपालिकाको चालु आ.व.मा जनप्रतिनिधी तथा कर्मचारीहरूको उत्कृष्ट पालिकाहरूको भ्रमण शीर्षकमा विनियोजित बजेटकबाट यस पालिकाका ईच्छुक सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारीहरूसहित उत्कृष्ट पालिकाहरूको कार्यसम्पादनको अनुभव आदानप्रदान (मुख्यत शिक्षा, स्वास्थ्य, कृषि तथा पशु र नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा) र धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गर्ने हेतुले मिति २०८०।०९।०६ गते देखि अवलोकन भ्रमणमा जाने निर्णय गरियो ।

घ) सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म, कोईलाबास कार्यालयमा रहेको सवारी साधन विग्रिएर चालु अवस्थामा नरहेको र मर्मतको लागि बजेट नभएको भनि मर्मतको लागि आवश्यक सहयोग गरिदिने भनि मिति २०८०।०८।२० गतेको पत्र प्राप्त भई आएको हुदाँ रू. १,००,०००।०० नबढ्ने गरि मर्मत गरिदिने निर्णय गरियो ।

अम्बर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

बैठक संख्या - ९

आज मिति २०८० साल पौष महिनाको १८ गतेका दिन यस गढवा गाउँपालिकाका का.वा. अध्यक्ष श्री शारदा कुमारी चौधरी ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | ................................ |
| २ | उपाध्यक्ष, का.वा. अध्यक्ष | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री अम्मर राज शर्मा | |

आमन्त्रित :-

१. शेषमणि पौडेल इन्जिनियर

सहयोगी :

श्री पुनाराम शर्मा, अधिकृत छैठौं ।

# मिति २०८०/०९/१८ गतेको गाउँकार्यपालिकाको नवौं बैठकका प्रस्ताव तथा निर्णयहरु

## प्रस्तावहरु :

१. नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण प्रतिवेदन सम्बन्धमा ।

२. नदिजन्य पदार्थको प्राविधिक प्रतिवेदन सम्बन्धमा ।

३. विभिन्न शीर्षकमा विभिन्न मितिमा भएको भुक्तानी समर्थन सम्बन्धमा ।

## निर्यणहरु

१. यस गढवा गाउँपालिका अन्तर्गतका नदि तथा खोलाघाटहरुबाट नदि जन्य पदार्थको उत्खनन् तथा बिक्रिको लागि आवश्यक पर्ने (IEE) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीका लागि बोलपत्र आह्वान मार्फत सेवा प्रदायक छनौट गरि जिम्मेवारी दिईएकोमा सेवा प्रदायकले तयार गरि कार्यालयमा पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन उपर आवश्यक छलफल गरि आवश्यक संशोधन सहित तपशिल बमोजिमको घाटहरुको लागि आई. ई. ई. प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. चिसापानी जुरौनी खोला पुर्व देखि चिसापानी गाँउको ५०० मिटर पश्चिम सम्मको खण्ड,
२. रङसिंह दोभान देखि मलमला घाटसम्मको खण्ड,
३. मलमला घाट देखि बनघुस्री घाट सम्मको खण्ड,
४. माथील्लो बडहरा देखि तल्लो बडहरा घाट सम्मको खण्ड,
५. पत्रिङ्गा घाट देखि जेठानगाँउ सम्मको खण्ड,
६. माथील्लो पचहिया घाट देखि महदेवा पुल सम्मको खण्ड,
७. खैरा घाट खण्ड र
८. कक्रहवा खोला मनिकापुर घाट खण्ड

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ

शारदा कुमारी चौधरी
का. ना. अध्यक्ष

२. यस गाउँपालिका अन्तर्गतका नदि तथा खोलाघाटहरुबाट नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिको लागि आवश्यक (IEE) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन गत वर्ष नै तयार भईसकेका घाटहरुको हकमा आवश्यक पर्ने प्राविधिक प्रतिवेदन तयारीका लागि बोलपत्र आह्वान मार्फत सेवा प्रदायक छनौट गरि जिम्मेवारी दिईएकोमा सेवा प्रदायकले तयार गरि कार्यालयमा पेश गरेको प्राविधिक प्रतिवेदन उपर आवश्यक छलफल पश्चात तपसिल बमोजिमको घाटहरुको लागि प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. राप्ती नदी रतनपुर घाट खण्ड वडा नं ३
२. खडकपुर घाट खण्ड बडा नं ३
३. धरमपुर घाट खण्ड वडा नं ५
४. झारवैरा घाट खण्ड वडा नं ७

३. गढवा गाउँपालिकामा पर्न आएका निवेदन उपर तपशिल बमोजिमको भुक्तानी समर्थन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. अमिन सहयोगी राज कुमार यादबको २०८० असोज १० देखि मंसिर २९ सम्म कामकाज गरेको रु ३४८०० भुक्तानी भएकोमा सो को समर्थन गर्ने ।

२. नेपाली सेना लमही व्यारेक भवन मर्मतको लागी विभिन्न फर्मबाट सामाग्री उपलब्ध गराएकोमा यस गा.पा. अन्तर्गत विविध कार्यक्रम र योजना खर्च गापास्तर शीर्षकबाट देहाय बमोजिमको भुक्तानी समर्थन गर्ने ।

- छम्पाली इट्टा उद्योगलाई रु. ७५,४२६।-
- गणपती हार्वडवेयर लमहीलाई रु. ९२,०७५ ।-
- देउखुरी कन्स्ट्रक्सन प्रा.लि.लाई रु. ५४,८१६ ।-

४. गा.पा अध्यक्ष ज्यूको तोक आदेशमा देहाय बमोजिम आर्थिक सहयोग दिईएकोमा सो समर्थन गर्ने ।

- कृपाराम चौधरी रु १००००।-
- भगवता पौडेल रु १००००।-
- मुकेश नगरकोटी रु १००००।-
- निर्मला चौधरी कुमाल रु १००००।-

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

शारदा कुमारी चौधरी
का. वा. अध्यक्ष

- शिवा देवी चौधरी   रु १००००।-
- सिता गुरुङ   रु १००००।-
- मुन्नी चौधरी   रु १००००।-

५. तपसिल बमोजिमको विपद् योजनाहरु कार्यान्वयन भई भुक्तानी भएकोमा सो को समर्थन गर्ने ।

तपसिल

- ४ नं. वडा अन्तर्गत छुट्की पर्सेनी, पर्सा, परस्पुर, कटियानगाउँ खाल्डाखुल्डी ग्राभेल उ.स. लाई भुक्तानी रु. ३,३५,७००।-
- चौकीदारको रुपमा काम गरेको ६ नं. वडाको धरमराज यादवलाई २०८० कार्तिक महिनाको पारिश्रमिक रकम भुक्तानी रु. १८०००।-
- १ नं. वडा अन्तर्गत जुरौनी चिसापानी हुदै धानखोला जोड्ने कृषि सडकभित्र पर्ने छहरे तथा झरौनि खोला नियन्त्रण उ.स. लाई भुक्तानी रु. २,५९,३००।-
- ५ नं. वडा अन्तर्गत सुनपुरुवा भालुधोन्द्रे खोलाको कटान नियन्त्रण उ.स.लाई भुक्तानी रु. २९९०००।-
- ६ नं. वडा अन्तर्गत विद्यालयको स्लेप तथा वाल निर्माण कार्यको श्री बाल कल्याण आधारभुत विद्यालयलाई भुक्तानी रु. ३,१९,०००।-

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

शारदा कुमारी चौधरी
का . वा . अध्यक्ष

बैठक संख्या - १०

आज मिति २०८० साल पौष महिनाको २१ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री धम नारायण शर्मा पोखरेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री धम नारायण शर्मा पोखरेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कैलाशचन्द्र चौधरी | |

आमन्त्रित :-

CamScanner

मिति २०८०/०९/२९ गतेको गाउँकार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू

१. सार्वजनिक विदा दिने सम्बन्धमा ।

**निर्णयहरू :**

१. लुम्बिनी प्रदेश सरकारको प्रदेश राजपत्रमा वि.सं. २०७९ चैत्र १७ गतेका दिन प्रकाशित वि.सं. २०८० का लागि लुम्बिनी प्रदेशका थप सार्वजनिक एवं पर्व विदा सम्बन्धी सूचनामा स्थानीय तहलाई उल्लेखित अधिकारको प्रयोग गरि मिति २०८० माघ ०३ गतेका दिन थारू समुदायको महान चाड माघी पर्वको अवसरमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

राम नारायण शर्मा पोखेल
गा.पा. अध्यक्ष

CamScanner

बैठक संख्या - ११

आज मिति २०८० साल माघ महिनाको १२ गतेका दिन यस मङ्गला गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा मङ्गला गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री अम्मरराज शर्मा | |

आमन्त्रित :-

सहयोगी :-

श्री कृष्ण प्रसाद पौडेल, सहायक पाचौं ।

मिति २०८०।१०।१२ गतेको गाउँकार्यपालिकाको ११ औं बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरूको समीक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको पौष महिनाको प्रतिवेदन सम्बन्धमा ।

३. नदिजन्य पदार्थको बिक्रीका लागि सार्वजारी गर्नुपर्ने घाटहरू तोक्ने, शर्तहरू निर्धारण गर्ने तथा सम्झौताको लागि अख्तियारी दिने सम्बन्धमा ।

४. नदिजन्य पदार्थको उत्खनन् पश्चात घाटगद्दि गर्ने सम्बन्धमा ।

५. गाउँसभाको चौथो अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

६. आगामी आ.व. २०८१।०८२ का लागि समपुरक योजना छनौट सम्बन्धमा ।

७. आगामी आ.व. २०८१।०८२ का लागि विशेष योजना छनौट सम्बन्धमा ।

८. आगामी आ.व. २०८०।०८२ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत माग गर्ने योजना छनौट सम्बन्धमा ।

९. गढवा कोईलाबास सडकखण्डको चिसापानीमा भएको सडक दुर्घटनाका घाईतेहरूको औषधी उपचारका लागि आर्थिक सहयोग सम्बन्धमा ।

१०. गढवा गाउँपालिका वडा नं. २ स्थित चिमचिमेमा रहेको चिमचिमे नदि घाटमा प्रारम्भिक वातावरणीय परीषण गर्ने सम्बन्धमा ।

११. प्रम रोजगार कार्यक्रम योजना छनौट र स्वीकृति सम्बन्धमा ।

१२. गत आ.व. २०७९।०८० को भुक्तानी बाँकी रहेको तेलहन बाली पकेट विकास कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

१३. उद्यम विकास सहजकर्ताहरूको सेवा करार म्याद थप र सो को लागि बजे व्यवस्थापन सम्बन्धमा ।

१४. एन्टी नार्कोटिक्स फाउन्डेसन नेपाललाई संस्था निर्माणार्थ सहयोग सम्बन्धमा ।

१५. गाउँपालिका अन्तर्गत दर्ता भएका तर हाल निस्कृय रहेका व्यवसाय, सहका निर्माण व्यवसायी, संघ संस्थाहरूको नविकरणको हदम्याद तोक्ने र खारेजी प्रकृयामा जाने सम्बन्धमा ।

१६. सेरामिक्स सम्बन्धी छात्रवृतिमा पठाईएका ३ जना विद्यार्थिहरूको समर्थन सम्बन्ध ।

अम्मर ... शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण ... पौडेल
गा.पा. अध्यक्ष

CamScanner

१८. जिल्ला कबड्डी संघको आयोजनामा गाउँपालिकाबाट सहभागी खेलाडीहरूलाई खर्चको बिल बमोजिमको भुक्तानी सम्बन्धमा ।

१९. गढवा स्वास्थ्य चौकीमा ईमरजेन्सी सेवा संचालन सम्बन्धमा ।

२०. विविध विषय सम्बन्धमा ।

अमर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण शर्मा पौडेल
गा.पा. अध्यक्ष

निर्णयहरू :

१ . यस गढवा गाउँपालिकाको चालु आ.व.मा यस अघि बसेको गाउँकार्यपालिकाको बैठकको बैठक संख्या ८ मा भए गरेका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२ . गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भए पश्चात गरिएका सम्पूर्ण अनुगमनको पौष महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३ . गढवा गाउँपालिका र राप्ती गाउँपालिकाको सिमाना भएर बग्ने राप्ती नदिको गढवा गाउँपालिकाको क्षेत्र (वडा नं. १, २ र ३) र राप्ती गाउँपालिकाको क्षेत्र (वडा नं. ३, ६ र ७) अन्तर्गत नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रीवितरण गर्न प्रारम्भिक वातवरणीय परिक्षण (आईई) मा भएका गढवा गाउँपालिका अन्तर्गतका तपशिलका घाटहरूमा संयुक्त ठेक्का आह्वान गर्ने र ठेक्का आह्वान पश्चात प्राप्त रोयल्टीको बाँडफाँड प्रारम्भिक वातवरणीय परिक्षण (आईई) मा भएको परिमाणको अनुपातको आधारमा गर्ने गरी साझेदारी गर्न राप्ती गाउँपालिकालाई प्रस्ताव गर्ने निर्णय गरियो ।

तपशिल :

क) रङसिङ दोभान देखि मलमला घाटसम्मको खण्ड
ख) माथिल्लो बडहरा देखि तल्लो बडहरा घाटसम्मको खण्ड
ग) पत्रिङ्गा घाटदेखि जेठानगाउँसम्मको खण्ड
घ) माथिल्लो पचहिया घाटदेखि महदेवा पुल सम्मको खण्ड
ङ) खैरा घाट खण्ड

४ . यस गढवा गाउँपालिकामा चालु आ.व. मा आईई भएका घाटहरूबाट नदिजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन् वा संकलन कार्यलाई व्यवस्थापन गर्न सम्बन्धित वडाको वडा अध्यक्षले घाटगद्धिको लागि क्षेत्र निर्धारण गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

५ . यस गढवा गाउँपालिका गाउँसभाको १४ औं अधिवेशन यही मिति २०८० साल माघ महिनाको २१ गते विहान ११ बजेदेखि गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२२, मिति २०८०।१०।०५ गतेको प्राप्त पत्र अनुसार यस गढवा गाउँपालिकाको तर्फबाट आ.व. २०८१/०८२ का लागि समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरू माघ मसान्तसम्म राष्ट्रिय योजना आयोग समक्ष पठाईसक्नु पर्ने व्यवस्था अनुसार वडा कार्यालयहरूले छनौट गरि पेश गरेका तपशिल बमोजिमका समपूरक र विशेष योजना संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | वडा नम्बर | संघिय सरकारबाट | स्थानीय तहको तर्फबाट | अनुमानित कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| समपूरक योजना | | | | | | |
| १ | गढवा वृद्धाश्रम गेट खरखरेडाँडा मनिकापुर ककहवा सडक | ६ | ५ करोड | ५ करोड | १० करोड | संघीय सरकारबाट ८० लाख प्राप्त बाकी ४ करोड २० लाख |
| २ | गोबरडिहा स्वास्थ्य चौकी भवन | १ | १ करोड | १ करोड | २ करोड | |
| ३ | भौरीनाल नाकामा खानेपानी र तटबन्धन आयोजना | २ | ५० लाख | ५० लाख | १ करोड | |
| ४ | बोकी चोकदेखि लोखरपुर बाटो कालोपत्रे | ५ | १ करोड | १ करोड | २ करोड | |
| ५ | बनवारी कालोपत्रे सडक | १ | १ करोड | १ करोड | २ करोड | |

७ . संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, च.नं. १२२, मिति २०८०।१०।०५ गतेको प्राप्त पत्र अनुसार यस गढवा गाउँपालिकाको तर्फबाट आ.व. २०८१।०८२ का लागि विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरू माघ मसान्तसम्म राष्ट्रिय योजना आयोग समक्ष पठाईसक्नु पर्ने व्यवस्था अनुसार वडा कार्यालयहरूले छनौट गरि पेश गरेका तपशिल बमोजिमका विशेष आयोजना तथा कार्यक्रमहरू माग गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | वडा नम्बर | अनुमानित कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि उपज भण्डारण तथा शितगृह आयोजना | ४ | ५ करोड | हालसम्म ३ करोड १५ लाख प्राप्त भएको र वाकी १ करोड ८५ अपुग |
| २ | अनाथ/असाहय विद्यार्थिहरूको लागि छात्रावास भवन गढवा ६ | ६ | २ करोड | |
| ३ | आधारभूत स्वास्थ्य ईकाई भवन गढवा ४ | ४ | ७५ लाख | |
| ४ | उठैया अजगढवा घुसुकपुरूवा हडैया खडकपुर | ४ | ३ करोड | |
| ५ | महदेवा घुम्रा चिमचिमे बाटो कालोपत्रे | २ | ३ करोड | |

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

राम नारायण ...
गा.पा. अध्यक्ष

CamScanner

८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रम मिति २०८०।०९।१७ गते प्रकाशित सूचना अनुसार यस गढवा गाउँपालिकाको तर्फबाट आ.व. २०८१/०८२ का लागि वडा कार्यालयहरूले छनौट गरि पेश गरेका तपशिल बमोजिमका तराई मधेश समृद्धिका आयोजना तथा कार्यक्रमहरू माग गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | वडा नम्बर | केन्द्रिय अनुदान | स्थानीय तहको तर्फबाट रू.मा | अनुमानित कुल लागत रू. मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सीपमुलक तालिम तथा आय आर्जन कार्यक्र (हाते कागज तथा हाते कागजका बस्तु, तयारी पोशाक खाद्य प्रशोधन कार्यक्रम ) | पालिका | ५० लाख | ५० लाख | १ करोड | |
| २ | कक्रहवा जमुनीवास सिमलतार खानेपानी | ५ | २५ लाख | २५ लाख | ५० लाख | |
| ३ | बुढनैया सिंचाई इयाम वडा नं. ८ | ८ | ५० लाख | ५० लाख | १ करोड | |
| ४ | सुपैला खोला (खैरा खण्ड) तटबन्ध | ३ | ५० लाख | ५० लाख | १ करोड | |
| ५ | शान्तिपुर, लक्ष्मीपुर, भोजपुर ककहवा खोला तटबन्ध | ७ | १ करोड | १ करोड | २ करोड | |
| ६ | महाविरको घरदेखि केदु थापाको घरसम्म कालोपत्रे सडक | १ | ५० लाख | ५० लाख | १ करोड | |
| ७ | कफली खोला (दामोदर रोड देखि दक्षिण तर्फ ) | ३ | २५ लाख | २५ लाख | ५० लाख | |
५. यस गढवा गाउँपालिका प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक कार्यविधिहरू विधेयक समितिबाट निर्णय भई आएका संशोधनका कार्यविधिहरू आवश्यक संशोधन गरी पास गर्ने निर्णय गरियो ।

क) गढवा गाउँपालिकाको युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

ख) साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

ग) गढवा गाउँपालिका करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

घ) डिप बोरिङ सिंचाई गर्दा विधुत महशुलमा अनुदान सम्बन्धी कार्यविधि, २०८०

ङ) बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

च) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

छ) गढवा गाउँपालिकाको कृषि उपज संकलन तथा कृषि एमबुलेन्स सेवा व्यवस्थापन एवम संचालन कार्यविधि, २०८०

ज) पालिकास्तरीय परीक्षा सञ्चालन व्यवस्थापन कार्यविधि, २०७६ को संशोधन, २०८०

६. .नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिचाई विभाग, **जनताको तटबन्धन कार्यक्रम,** लमही, दाङको च.नं.०६, मिति २०८०।१२।१८ गतेको प्राप्त पत्रानुसार एशियाली विकास बैंकको सहयोगमा संचालित प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजना अन्तर्गत पशिचम राप्ती नदी नियन्त्रण कार्य दाङ खण्डको लागि श्री कालिका कन्सट्रक्सन, काठमाडौंसँग सम्झौता (Contract No. PRBFRMP/Works/West Rapti/CW-03) भई गढवा गाउँपालिकाको विभिन्न स्थानमा तटबन्ध निर्माण कार्य चालु अवस्थामा रहेकोमा निर्माण कार्यको मुख्य निर्माण सामाग्रीको रूपमा प्रयोग हुने ढुंगा अभाव भएको कारण निर्माण कार्य अवरूद्ध भएको भनि सिफारिस प्राप्त भएको, साथै वर्षायाम भन्दा अगाडी निर्माण कार्य सम्पन्न नभए बाढीको उच्च जोखिमा रहेको हुदाँ तत्काल निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएकोले गढवा गाउँपालिका वडा नं. १ अन्तर्गत चिसापानी जुरौनी रङसिङ खोलाबाट स्वीकृत IEE परिमाण ३६७५ घ.मि. मध्ये २००० घ.मि. ढुंगा श्री कालिका कन्स्ट्रक्सनबाट नियमानुसार राजश्व लिई उपलब्ध गराउने र साथै सो घाटमा गढवा गाउँपालिकाबाट आय ठेक्का (Contract No. ECTD-RBM-NCB-03-080-81) को लागि विद्युतीय वोलपत्र आह्वान भई आशयको सूचनासम्म प्रकाशन भएको र सो पश्चातको प्रक्रिया अघि नबढाई ठेक्का प्रक्रिया स्थगित गरि रद्द गर्ने निर्णय गरियो ।

७. गढवा गाउँपालिका अन्तर्गत संचालनमा रहेको दाङ देउखुरी सर्पदंश उपचार केन्द्रको भवनबाट नै थप सेवा दिने गरि कुकुर, बादर, विराला, श्याल लगायतका जनावरले टोकेमा लाग्ने रेविज रोगको उपचारको लागि थप सेवा संचालन अनुमतिका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

अम्गर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

८. शैक्षिक सत्र २०८१ को नारा सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तीको सुनिश्चितता भन्ने संकल्पका साथ यस गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूले शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान कार्यक्रम मिति २०८१।०१।०२ गतेदेखि मिति २०८०।०१।०८ गतेसम्म सञ्चालन गर्ने निर्णय गरियो । साथै सम्पूर्ण निर्वाचित जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूले आ-आफ्ना बालबालिकाहरूलाई सामुदायिक विद्यालयमा भर्ना गरि विद्यार्थी भर्ना अभियानलाई सफल पार्न अनुरोध गर्ने र सोहीबमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

९. शैक्षिक सत्र २०८१ का लागि विद्यालय संचालन तथा थप कक्षा अनुमति प्रदान गर्न गरिएको सूचना बमोजिम समयावधिभित्र आवेदन पेश भएका तपशिलमा उल्लेखित विद्यालयहरूलाई थप कक्षा अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | विद्यालयको नाम | अनुमति प्रदान गरिएको थप कक्षा | कैफियत |
|---|---|---|---|
| १ | श्री जनमुखी मा.वि. गढवा १ रङसिङ | १० | |
| २ | श्री राप्ती साउथर्न इ. बो.स्कूल गढवा ४ रामनगर | १० | |
| ३ | श्री शुभतारा इ. बो.स्कूल गढवा ६ गढवा | १२ | |
| ४ | श्री भ्याली पब्लिक इ. बो.स्कूल गढवा ४ गढवा | ५ | |
| ५ | श्री बाल संसार एकेडेमी गढवा ६ गढवा | ४ | |
| ६ | श्री जियाऊल तौहिद मदरसा प्रा.वि. गढवा ६ गढवा | ५ | |

१०. गढवा गाउँपालिका वडा नं. १ अन्तर्गत रहेको श्री आधारभूत विद्यालय बनघुस्रीमा हाल कक्षा ८ संचालन रहेको र कक्षा ९ संचालनको लागि आवेदन पेश गरेको सम्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयबाट आ.ज. २०८०।८१ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा कक्षा थप गर्दा आर्थिक दायित्व संघीय सरकारको अनुदान मार्फत आवश्यक पर्ने भएमा मन्त्रालयको पूर्वस्वीकृती लिनुपर्ने उल्लेख भएबमोजिम उक्त विद्यालयको दरबन्दीसहित कक्षा थपको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुमतिको लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

११. यस गढवा गाउँपालिकाका वडा अन्तर्गतका गाउँ तथा साना शहरबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्न गाउँपालिकाबाट नियमिति पालो मिलाएर प्रत्येक वडामा फोहर संकलन ढुवानी (टेक्टर) पठाउने र संकलित फोहरलाई प्रशोधन गरि उपयोग गर्न राप्ती गाउँपालिकामा रहेको फोहरमैला प्रशोधन केन्द्रमा उपलब्ध गराउने निर्णय गरियो । साथै फोहोर संकलनलाई व्यवस्थापन गर्न प्रत्येक वडामा रहेका वडास्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई परिचालन गर्ने निर्णय गरियो ।

अर्जुन राज शर्मा
...अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CS CamScanner

१२. गर्मियाम लाग्ने वनअग्निमा आगलागीको घटना वृद्धि भएकोले गढवा गाउँपालिकाको क्षेत्र अन्तर्गत रहेका राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन तथा निजि वनमा लागेको डढेलो वडा कार्यालयको समन्वयमा सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन गरि वनमा लागेको डढेलो नियन्त्रण गर्ने निर्णय गरियो ।

१३. गढवा गाउँपालिकाको क्षेत्रभित्र रहेका नदी तथा खहरे खोलाहरूबाट अवैधरूपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाहरू संकलन गरि चोरी निकासी गर्ने कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न पालिकाबाट र प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरिय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

१४. मिति २०८०।०४।२३ गतेको गाउँकार्यपालिकाको बैठक १ मा राप्ती नदि तथा विभिन्न खोलाहरूबाट नदिजन्य पदार्थ अबैध रूपमा चोरी निकासी नियन्त्रणका लागि दैनिक रू ६०० भुक्तानी दिनेगरि प्रत्येक वडामा १/१ जनाका दरले नदि तथा खोला घाटहरूमा चौकीदार राख्ने निर्णय भएकोमा वडाको भुगोग, नदी तथा खहरे क्षेत्रको संख्या र नदीजन्य पदार्थको चोरीको परिमाणको अवस्था अनुसार वडा कार्यालयको वडा समितिको निर्णय अनुसार तपशिल बमोजिम चौकीदार राखिएकोमा सो समर्थन गर्दै दैनिक रू ६०० का दरले चैत्र मसान्तसम्मको पारिक्षमिक रकम भुक्तानी दिने र २०८१ बैशाख महिनादेखि सम्पूर्ण चौकीदारहरूलाई हटाउने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | वडा कार्यालय | चौकीदार संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा | ३ | |
| २ | २ नं. वडा | ३ | |
| ३ | ३ नं. वडा | २ | |
| ४ | ४ नं. वडा | २ | |
| ५ | ५ नं. वडा | २ | |
| ६ | ६ नं. वडा | १ | |
| ७ | ७ नं. वडा | १ | |

१५. गढवा गाउँपालिकामा कार्यरत नगर प्रहरीको लागि आवश्यक रासन सम्बन्धी सुविधा प्रति व्यक्ति मासिक रू ३००० को दरले १० जना नगर प्रहरीलाई एकमुष्ठ रू.३०,०००।०० रकम उपलब्ध गराउने निर्णय गरियो ।

अवतार राज शर्मा

यम नारायण शर्मा पोखेल
अध्यक्ष

१६. तपशिलका योजनाहरूको करार म्याद थप वा रद्द सम्बन्धमा देहायबमोजिमको निर्णय भएको छ ।

क) मिति २०८०।१२।०६ गते निर्माण व्यवसायी श्री Shyam Sundar/NB JV, Construction of 15-Bedded Hospital at Gadhawa, Dang (contract id: 27/NCB/GRM/W/2078/079) बाट म्याद थप सम्बन्धी प्राप्त निवेदन अनुसार मिति २०८०।१२।२४ गते १५ शैयाको अस्पताल निर्माण योजनाको म्याद सकिएको हुदाँ सो योजनाको म्याद थप गरि मिति २०८१।०६।१७ गतेसम्म कायम गर्ने निर्णय गरियो ।

ख) नेपाल सरकार संघीय समपुरक अनुदान स्रोतबाट विनियोजित Uthaiya Khajarauta Kakrahawa Construction Road (contract id: 32/NCB/GRM/W/2078/079) आयोजनाको आ.व. २०७८।०७९ मा यस गाउँपालिकासँग मिति २०७९।०१।०६ गते का दिनमा रू. ४,३२,१३,८९३।२७ सम्झौता भएको र मिति २०८० असार मसान्तसम्म उक्त आयोजनाको निर्माण कार्यको रू.२,८२,६५,७५७।५५ रकम मात्र भुक्तानी भएको छ । हाल उक्त आयोजनाको लागि रू. १,४९,४८,१३५।७२ बजेट आवश्यक पर्ने सोको लागि आवश्यक स्रोतको व्यवस्थापन संघीय सरकारबाट समेत प्राप्त नभएको र पालिकाले समेत सो बजेट पूर्ति गर्न नसक्ने भएको हुदाँ Uthaiya Khajarauta Kakrahawa Construction Road (contract id: 32/NCB/GRM/W/2078/079) आयोजनाको ठेक्का प्रक्रिया स्थगित गरि रद्द गर्ने निर्णय गरियो ।

१७. यस गढवा गाउँपालिकाको आगामी आ.व. २०८१।०८२ का लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा र बार्षिक आय व्ययको अनुमान तयार गर्न गढवा गाउँपालिकाका सम्पूर्ण बिषयगत समितिहरू र वडा समितिहरूले सरोकारवालाहरूसँग समन्वय गरि वैठक आयोजना गरि राय संकलन गर्ने र सो को आधारमा योजना तथा अनुगमन ईकाई र समितिको संयुक्त बैठक बसी आफ्नो विषयसँग सम्बन्धीत नीतिको खाका तयार गरि गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

१८. विपद समयमा खोज तथा उद्धार गर्ने जनशक्ति तयार गरि समुदायस्तरमा नै प्रथम उद्धारकर्ता तयार गर्ने उदेश्यले विपद जोखिम न्यूनीकरणको लागि ८ वटै वडामा तपशिलका स्थानमा विपद तालिम संचालन गर्ने निर्णय गरियो ।

क) वडा नं. १, २ र ३ मा २०८१।०१।०९ गते गढवा २ पचहिया

ख) वडा नं. ४, ५, ६, ७ र ८ मा २०८०।०१।११ गते गढवा ६ गढवा बजार

यम नारायण शर्मा पोखेल
अध्यक्ष

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१९. राप्ती नदी क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन् पश्चात उक्त नदीजन्य पदार्थ घाटगद्दिको लागि सिमावर्ती छिमेकी पालिकाहरूबाट यस गढवा गाउँपालिकाको क्षेत्राधिकारभित्रका सार्वजनिक स्थान, नदी तटीय क्षेत्रमा उक्त नदीजन्य पदार्थ घाटगद्दिको लागि घाटगद्दि क्षेत्र माग भई आएकोले कुनै पनि पालिकालाई सो कार्यको लागि गढवा गाउँपालिकाको जमिन उपलब्ध गराउन नसकिने निर्णय गरियो ।

२०. यस गढवा गाउँपालिकाको क्षेत्रभित्र कृषि उपजहरूको उत्पादन बृद्धि गर्ने, छरिएर रहेका साना कृषकहरूको उत्पादनलाई एकिर्कत गरि उनिहरूलाई सहज बजार पहुँज पुऱ्याउन र प्रतिस्पर्धात्मिक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न गढवा गाउँपालिका वडा नं. ६ मा कृषि उपज संकलन केन्द्रको स्थापना तथा संचालन गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

बैठक संख्या - १८

आज मिति २०८१ साल बैशाख महिनाको ३० गतेका दिन यस मढ्वा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा मढ्वा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री अम्मरराज शर्मा | |

आमन्त्रित :-

CamScanner

मिति २०८०।०१।३० गतेको गाउँकार्यपालिकाको १६ औ बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

३. दाङ जिल्ला अदालतबाट जारी भएको अन्तरिम आदेश निषेधाज्ञाको लिखित जवाफ पेश गर्ने सम्बन्धमा ।

४. स्थानीय विकास पूर्वाधार कार्यक्रम (LISP) सञ्चालन सम्बन्धमा ।

५. आगामी आ.व.को नीति तथा कार्यक्रम, बार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धमा ।

६. बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने सम्बन्धमा ।

७. कोईलावास तथा मुसिनाका खानेपानी योजना सम्बन्धमा ।

८. आ.व. २०७९।०८० को कम्बल खरिदको भुक्तानी सम्बन्धमा ।

९. विपद प्रतिकार्य तालिम संचालन सम्बन्धमा ।

१०. राजपुरमा भएको आगलागी पिडितलाई दिएको राहत सम्बन्धमा ।

११. पालिकामा वक्यौता रकम नतिर्ने निर्माण व्यवसायी सम्बन्धमा ।

१२. गढवा गाउँकार्यपालिकाको परिसरको फिल्ड फिलिङ गर्ने सम्बन्धमा ।

१३. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

१४. आर्थिक प्रशासन शाखाबाट पेश भएका विभिन्न मितिका भुक्तानी समर्थन गर्ने सम्बन्धमा ।

१५. आर्थिक सहयोग सम्बन्धमा ।

१६. विविध विषय सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको ०८१ आ.व.मा यस अघि बसेको गाउँकार्यपालिकाको बैठकको बैठक संख्या १५ मा भए गरेका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भए पश्चात गरिएका सम्पूर्ण अनुगमनको बैशाख महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. गढवा गाउँपालिकाको कार्यालय गढवा दाङ ऐ.ऐ. गढवा गाउंपालिकाको अध्यक्ष यमनारायण शर्मा पोखेलको नाममा श्री दाङ जिल्ला अदालतबाट जारी भएको अन्तरिम आदेश निषेधाज्ञा मुद्दा : निषेधाज्ञा (मु.नं.०८०-WO-००२६) मा लिखित जवाफ पेश गर्नका लागि यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत श्री सुरेश पौडेललाइ अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनको लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८१।०१।१७ गतेको सूचना बमोजिम यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, गढवा दाङ उक्त कार्यक्रममा सहभागी हुने र सूचनामा दिईएको आशय पत्रको फारम (Google form) भरी पेश गर्ने र साथै देहायबमोजिमका प्रतिवद्धता स्वीकार गर्ने निर्णय गरियो ।

१. (क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसँग सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने, (ख) स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका साधन/विधि अवलम्बन गर्ने, (ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्ने ।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानीको हिस्सा विनियोजन गर्ने ।

३. पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने ।

४. पूर्वाधार सम्बन्धी क्षेत्रगत योजनाहरूको अवस्था (खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH योजना) र गाउँ यातायात गुरू योजना )

५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्ने ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

५. गढवा गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा यस गढवा गाउँपालिका भित्रका राजनीतिक दलहरू, गैर सरकारी संघ/संस्थाहरू, उपभोक्ता समितिहरू, सहकारीहरू, विद्यालयहरू, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरूसँग पूर्व नीति तथा कार्यक्रम र बजेट तथा योजना छलफल र राय सुभाव संकलनको लागि मिति २०८१।०२।०३ गते, स्थान गढवा गाउँपालिकाको सभाहलमा बैठक बस्ने निर्णय गरियो ।

६. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बाल अधिकारका चार पक्ष बाल वचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको आधार सुनिश्चितता गर्न यस गढवा गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) (ख) बमोजिम निर्माण व्यवसायी खरिद सम्भौता गर्न नआएमा कालो सूचिमा राख्न सकिने व्यवस्था भएबमोजिम यस गढवा गाउँपालिकाको विद्युतीय वोलपत्र ठेक्का नं. 17-18/NCB/GRM/W/080-81, Construction of Power drill tubewell water supply program gadhawa 08 Koilabas and Musinaka Dang, योजनाहरूको प्राविधिक र आर्थिक पक्षको समितबाट मुल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही देखिएको मेनका निर्माण सेवा नेपालगञ्ज १३ लाई मिति २०८१।०१।१७ गते सम्भौता गर्न आउने सम्बन्धमा पत्राचार गरिएकोमा निर्माण व्यावसायी कार्यालयमा सम्पर्कमा नआएको साथै मिति २०८१।०१।२५ गते सम्भौताको लागि पुन पत्राचार गरिएकोमा सार्वजनिक खरिद ऐन बमोजिम तोकिएको समयसिमासम्ममा समेत सम्भौता गर्न नआएमा श्री मेनका निर्माण सेवा नेपालगञ्ज १३ बाँकेको धरौटी रकम जफत गरि कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने र योजना निर्माणको लागि दोस्रो कवोलकर्ता निमणि व्यवसायीलाई सम्भौताको लागि पत्राचार गर्ने निर्णय गरियो ।

८. आ.व. २०७९।०८० मा गढवा गाउँपालिकाबाट जेष्ठ नागरिकहरूलाई निःशुल्क वितरणका लागि ब्लाङ्केट खरिद भएकोमा आपूर्तिकर्ता श्री A-Z बजार लमही दाङले सम्भौता बमोजिको स्पेसिफिकेशन अनुसार कार्यालयलाई ब्लाङ्केट उपलब्ध नगराएकोले आपूर्तिकर्ता श्री A-Z बजार लमही दाङलाई सोको भुक्तानी नदिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

९. यस गढवा गाउँपालिका विपद उच्च जोखिम क्षेत्र भएको हुदाँ सम्भावित विपद जोखिम न्यूनीकरण गर्ने साथै विपद समयमा तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार तथा आपतकालिकन स्वास्थ्य लगायतको विषयमा ज्ञान तथा सिप प्रदान गरि समुदायस्तरमा नै प्रथम उद्धारकर्ता जनशक्ति तयार गर्ने उदेश्यले विपद जोखिम न्यूनीकरणको लागि ८ वटै वडाका २/२ जना प्रतिनिधी र गढवा गाउँपालिकाका नगर प्रहरीहरूलाई समेटेर गढवा गाउँपालिका गाउँकार्यपालिकाको सभाहलमा मिति २०८१।०१।३१ गते देखि २०८१।०२।०५ गते सम्म विपद प्रतिकार्य तालिम संचालन गर्ने सर्वसम्मतीमा निर्णय गरियो ।

१०. मिति २०८१।०१।१६ गते राजपुर गाउँपालिका वडा नं. ७ स्थित हाटवासमा आगलागी भई करिब २३ घरहरू पूर्णरूपमा जलेर नष्ठ भई ठूलो मात्रामा धनको क्षति भएको हुदाँ आगलागी पिडीत परिवारलाई राहत स्वरूप यस गढवा गाउँपालिकाबाट ९२,४९०।०० रूपैयाँ बराबरको जस्तापाता र १०,१५०।०० बराबरको तरकारी सहयोग गरेको हुदाँ सो वापतको खर्चको भुक्तानी समर्थन गर्ने निर्णय गरियो ।

११. गढवा गाउँपालिका अन्तर्गत विगतका आ.व.हरूमा गाउँपालिकासँग सम्भौता भई सम्भौता बमोजिम तोकिएको परिमाण भन्दा बढी परिमाणको नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि वितरण गरि बढी परिमाणको बक्यौता रकम पालिकामा दाखिला नगरेका, पालिकाबाट ताकेता गर्दा पनि असुलउपर हुन नसकेको तपशिलका निर्माण व्यवसायीहरूको नाम ठेगना सहित राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरि असुलउपरको लागि जिल्ला अदालत, दाङमा मुद्दा दायार गर्न यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत श्री सुरेश पौडेल अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

(क) श्री जलजला निर्माण सेवा प्रा.ली., काठमाडौं नेपाल

(ख) श्री सगरमाथा कर्पोरेशन प्रा.ली., घोराही दाङ

(ग) श्री के.वि. कन्स्ट्रक्सन सप्लायर्स, मल्लरानी गा.पा. ३ प्युठान

(घ) श्री एच.एम.विल्डर्स, वाणगंगा न.पा.४ कपिलवस्तु

(ङ) बर्षा कन्स्ट्रक्सन प्रा.ली, गढवा गा.पा. १ दाङ

१२. गढवा गाउँपालिका गाउँकार्यपालिकाको भवन परिसरमा फिलिङ गर्न आवश्यक रेहको हुँदा सोको लागि आवश्य पर्ने नदीजन्य पदार्थ गढवा गाउँपालिका वडा नं. ६ स्थित ककहवा खोलाको आय ठेक्का नं. ECTD/RBM/NCB/06/080/081 बाट कार्यालय र निर्माण व्यवसायीवीच भएको सम्भौता बमोजिम स्वीकृत परिमाण मध्येबाट फिलिङको लागि आवश्यक परिमाण मात्र नदीजन्य पदार्थ गढवा गाउँपालिका गाउँकार्यपालिकाको भवन परिसरमा फिलिङ गर्ने र सो को ढुवानीको लागि आवश्यक पर्ने लागत प्राविधिक प्रतिवेदन अनुसार गढवा गाउँपालिकाको कार्यालयबाट सम्बन्धी निर्माण व्यवसायीलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

१३. सार्वजनिक तथा पर्ति जग्गाको उचित संरक्षण गरि सोको प्रभावकारी तथा वैज्ञानिक उपयोग गर्न यस गढवा गाउँपालिका क्षेत्रभित्र रहेका सो जग्गाहरूको पहिचान गर्न गढवा गाउँपालिकाको उपाध्यक्ष श्री शारदा कुमारी चौधरीको संयोजकत्वमा तपशिल बमोजिमको समित गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| शारदा कुमारी चौधरी | संयोजक |
| वावुराम अधिकारी | सदस्य |
| भक्तु चौधरी | सदस्य |
| तुलसीराम अधिकारी | सदस्य |
| हरिभगत चौधरी | सदस्य |
| लेखबहादुर थापा | सदस्य |
| बीरबहादुर आलेमगर | सदस्य |
| राहुलदेव चौधरी | सदस्य |
| अब्दुल खालिक सिद्धिकी | सदस्य |
| पुनाराम शर्मा | सदस्य सचिव |

१४. आर्थिक प्रशासन शाखाबाट प्राप्त तपशिलका विभिन्न शीर्षकहरूमा भएको खर्चहरूको भुक्तानी समर्थन सम्बन्धमा ।

(क) असहाय, अशक्त, जेष्ठ नागरिक तथा अभिभावकविहिन भएका बालबचाहरूको हेरचाहको लागि पेश भएका बिलभरपाईको आधारमा निलसागर सेवाआश्रमलाई अनुदान रकम रू.२,००,०००।०० भुक्तानी गरेकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

(ख) तपशिल बमोजिमको विपद् योजनाहरू कार्यान्वियन भई भुक्तानी भएकोमा सोको समर्थन गर्ने ।

- १ नं. वडा अन्तर्गत कालाकाटे गढवा सडक खण्डको बुढी खोलामा कजवे मर्मत मलमला उ.स.लाई भुक्तानी
- ६ नं. वडा अन्तर्गत कोईलावास रोड कल्भर्ट पूर्व पश्चिम वाल तथा पक्की नाली तथा सल्याब निर्माण उ.स.लाई भुक्तानी
- २ नं. वडा अन्तर्गत चिमचिमे बाटो मर्मत उ.स.लाई भुक्तानी
- २ नं. वडा अन्तर्गत पश्चिम थारू कुमाल टोल खैरा नियन्त्रण उ.स.लाई भुक्तानी
- १ नं. वडा अन्तर्गत विद्यालयको पर्खाल निर्माण कार्यको आदर्श प्रा.विलाई भुक्तानी
- ५ नं. वडा अन्र्तगत पर्सिया उत्तर खोल्सीमा होमपाईप तथा ग्राभेल उ.स.लाई भुक्तानी
- ८ नं. वडा अन्तर्गत कोइलाबास ड्याम मर्मत तथा कटान नियन्त्रण उ.स.लाई भुक्तानी
- २ नं. वडा अन्तर्गत खासुटोल बाटोमा ह्युमपाईप जडान उ.स.लाई भुक्तानी

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

(ग) गा.पा. अध्यक्ष ज्युको तोक आदेशमा गाउँपालिका बमोजिम आर्थिक सहयोग दिईएकोमा सोको समर्थन गर्ने ।

| भुक्तानी पाउनेको नाम थर | रकम | भुक्तानी पाउनेको नाम थर | रकम |
|---|---|---|---|
| छुनिलाल चौधरी | १०००० | दिलकुमार चौधरी | १०००० |
| रम्भा चौधरी | १०००० | गजराज थारूकुमाल | १०००० |
| सुनिता चौधरी | १०००० | पदामा परियार | १०००० |
| मुन्नी चौधरी | १०००० | नरेश चौधरी | ३०००० |
| कृष्ण प्रसाद चौधरी | १०००० | नारायणी वि.क. | १०००० |
| रेश्मी परियार | १०००० | प्रकाश चौधरी | १०००० |
| लक्ष्मी कुमाल चौधरी | १०००० | लखन रानामगर | १०००० |
| जीवन परियार | १०००० | सुरमा कुमारी घर्तिमगर | १०००० |
| सुनिता आचार्य | १०००० | कृष्ण कुमारी सुनार | १०००० |
| बम्मर चौधरी | १०००० | राज कुमार थारू | १०००० |
| लालबहादुर जि.सी. | १०००० | सचिन चौधरी | १०००० |
| विनिता वलि | १०००० | सावित्रा दमाई | १०००० |

१५. यस गढवा गाउँपालिकामा पर्न आएका विविध विषयका निवेदन उपर तपशिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगना | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जगतराम यादव | गढवा | पुस्तक प्रकाशनको लागि सहयोग | २५,००० | मधेशी तथा मुस्लीम संस्कृति संरक्षण शिर्षकबाट भुक्तानी |
| २ | अकिब अहमद | गढवा ५ बाँकी | रसायन शास्त्र विषयमा स्नातक तहमा शोध गर्नको लागि सहयोग | २५,००० | |

१६. गढवा गाउँपालिका वडा नं. ७ स्थित चन्दनपुर, भोजपुर र लक्षिनपुरमा रहेको सार्वजनिक जग्गाको पहिचान गरि संरक्षण गर्न तारवार गर्ने साथै सो सार्वजनिक जग्गा सार्वजनिक उपयोगको लागि माग भई आएमा उपलब्ध गराउने निर्णय गरियो ।

१७. गढवा गाउँपालिका ३ नं. वडा कार्यालयको मिति २०८१।०१।२५ गतेको रकम भुक्तानी सम्बन्धी सिफारिस अनुसार वडा कार्यालयले मिति २०८०।१०।२९ गतेदेखि २०८०।११।०५ गतेसम्म राप्ती नदिको खैराघाट र रतनपुर घाटबाट ढुङ्गा संकलन गरि खैरा खेलकुद मैदान र गोबरडिहा प्रहरी चौकी नजिकैको खाली स्थानमा ढुङ्गा डम्पिङ गरेको हुँदा सो डम्पिङ कार्य गर्दा लागेको टेक्टर ढुवानी र कामदारको ज्याला रकम एकमुष्ठ रू. १,१०,३४०।०० (अक्षरूपी एक लाख दश हजार तिन सय चालिस रूपैयाँ मात्र) सचिव श्री शिव कुमार चौधरीलाई सोधभर्ना भुक्तानी दिने निर्णय गरियो ।

अम्बर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

१८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जनशक्ति योजना तथा विकास शाखाको मिति २०८१।०१।[illegible]को पत्र अनुसार चीन सरकारबाट प्राप्त Master Degree अध्ययन छात्रवृत्ती कार्यक्रमका लागी गढवा गाउंपालिका गाउं कार्यपालिकाको कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीको अध्ययन पूर्वस्वीकृती र मनोनयनका लागी प्रदेश प्रमुख सचिव समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद, तह | सेवा समूह |
|---|---|---|---|
| १ | प्रेमप्रकाश दाहाल | अधिकृत, छैठौं | प्रशासन, सामान्य प्रशासन |
| २ | पुनाराम शर्मा | अधिकृत, छैठौं | प्रशासन, सामान्य प्रशासन |

१९. (क) गढवा गाउँपालिका वडा नं. ४ को वडा कार्यालयमा कार्यरत सचिब श्री भरत के.सी.लाई योजना तथा अनुगमन ईकाईको प्रमुखको जिम्मेवारी दिई खटाईएको हुदाँ अर्को व्यवस्था नभएसम्मको लागि कम्प्युटरसँग सम्बन्धीत कामकाज गर्ने गरि दैनिक डोरहाजिरीमा प्रतिदिन रू.६४० का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

(ख) मिति २०८१।०१।०३ गतेको गढवा गाउँपालिका वडा नं. ४ को वडा कार्यालयको सिफारिस बमोजिम गढवा गाउँपालिका वडा नं. ४ पर्सा बस्ने श्री कमला कुमारी चौधरीको मिति २०८०।०९।१८ गतेका दिन टेक्टर दुर्घटनामा परि बिरामी भएको तथा निजको उपचार खर्च बढि लाग्ने भएको साथै निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारको लागि आर्थिक सहयोगका गरिदिने सम्बन्धमा सिफारिस गरेको हुदाँ निज कमला कुमारी चौधरीलाई आर्थिक सहायता स्वरूप रू. १०,०००।०० अन्य सामाजिक सुरक्षा शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

२०. गर्मी समय सुरू भएसँगै यस गढवा गाउँपालिकाका विभिन्न स्थानहरूमा फुसको छानो भएका घर, गोठहरूमा आगलागी भई जलेर ठूलो मात्रमा धनको क्षति भएको र गाउँपालिकाले आगलागीबाट पीडित भएका घर परिवारलाई राहत स्वरूव टिन उपलब्ध गराएकोमा सो समर्थन गर्ने निर्णय गरियो ।

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

२१. गढवा गाउँपालिका वडा नम्बर ३ स्थित संचालित गोबरडिहा आयुर्वेदिक औषधालयका लागि लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय अर्न्तगत स्वास्थ्य निर्देशनालयको चालु आ.व. २०८०/०८१ को बजेटमा अधुरो भवन निर्माण शीर्षकमा ३० लाख रूपैया विनियोजन भएको र उक्त विनियोजित रकम ८० प्रतिशत कायम हुनेगरि योजनाको कुल लागतको बाँकी २० प्रतिशत हुन आउने रकम (रू ७,५०,०००।०० अक्षरेपी सात लाख पचास हजार रूपैया ) यस गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट व्यहोर्ने गरि साझेदारीमा योजना कार्यान्वय गर्ने सम्झौता भएकोमा उक्त भवन निर्माण कार्य उपभोक्ता समितिबाट कार्यान्वयन गराउने निर्णय गरियो ।

अम्बर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CS CamScanner

बैठक संख्या - १७

आज मिति २०८१ साल जेष्ठ महिनाको १८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री अम्मरराज शर्मा | |

आमन्त्रित :-

१. श्री दानवीर चौधरी - लेखा सहायक

२. श्री कृष्ण प्रसाद पौडेल - सहायक पाँचौं

CamScanner

मिति २०८०।०२।१८ गतेको गाउँकार्यपालिकाको १७ औ बैठकका प्रस्तावहरू

१. गढवा गाउँपालिकाले आगामी आ.व.का लागि तय गर्ने नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. गढवा गाउँपालिकाको १५ अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

३. गढवा गाउँपालिकाका तपशिल बमोजिमका कार्यविधि सम्बन्धमा ।

क) सुरक्षित आवस गृह (सेफ हाउस) संचालन कार्यविधि ,२०८१

ख) अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि, २०८१

ग) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता भत्ता कार्यविधि ,२०८१

घ) गढवा गाउँपालिका मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१

ङ) गढवा गाउँपालिकाको खरिद नियमावली, २०८१

च) गढवा गाउँपालिका योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिगदर्शन, २०८१

छ) राजश्व सुधार योजना निर्माण प्रारूप, २०८१

४. गढवा गाउँपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्बन गर्न वडाहरू छनौट गर्ने सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाले तय गर्ने आगामी आ.व. को नीति तथा कार्यक्रम सम्बन्धमा विषयगत शाखाहरूबाट प्राप्त र मिति २०८१।०२।०३ गते भएको नीति तथा कार्यक्रम सम्बन्धमा सरोकारवालाहरूसँगको पूर्व छलफल एवम राय संकलन पश्चात संश्लेषण भई तयार भएको नीति तथा कार्यक्रमको खाकालाई विषयगत समितिमा छलफल गर्ने र संशोधनसहित तयार भएको नीति तथा कार्यक्रमको खाकालाई आगामी गाउँकार्यपालिकामा बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. यस गढवा गाउँपालिका गाउँसभाको १५ औ अधिवेशनको बैठक यही मिति २०८१ साल जेष्ठ महिनाको २८ गतेदेखि बस्ने र सोही अनुसार सम्पूर्ण सभा सदस्यहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

३. यस गढवा गाउँपालिका प्रशासनिक कार्य सहजताको लागि आवश्यक कानूनहरू विधायन समितिमा छलफल तथा निर्णय भई आएका तपशिलका कानूनहरू आवश्यक संशोधन सहित पास गर्ने निर्णय गरियो ।

क) सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यविधि ,२०८१

ख) अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि, २०८१

ग) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता भत्ता कार्यविधि ,२०८१

घ) गढवा गाउँपालिका मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१

ङ) गढवा गाउँपालिकाको खरिद नियमावली, २०८१

च) गढवा गाउँपालिका योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिगदर्शन, २०८१

छ) राजश्व सुधार योजना निर्माण प्रारूप, २०८१

४. गढवा गाउँपालिकालाई बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रथम चरणमा वडा नं १ वडा नं २ र वडा नं ३ मा कार्यान्वियन गर्ने र सोको कार्यान्वयनको सहजिकरणको लागि महिला विकास निरीक्षक श्री प्रेरणा चन्दलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

५. गढवा गाउँपालिका वडा नं. ४ अन्तर्गतको योजना **पर्सा मन्दिरदेखि पर्सा चोकसम्म पक्की नाली तथा कुलोमा कल्भर्ट निर्माण**, मिति २०८० कार्तिक २२ गतेको उपभोक्ता समिति गठन, बैंक खाता, विल भरपाईहरू लगायत सम्पूर्ण निर्णय प्रक्रियामा योजनाको नाम फरक परि **पर्सा कमल घरदेखि ऐनुल बसर मुसलमान घरसम्म कटान तथा कच्ची नाली निर्माण** योजना रहन गएको तर योजना कार्यान्वियन भएको स्थान फरक नपरेको हुँदा उपभोक्ता समिति श्री पर्सा कमल घरदेखि ऐनुल बसर **मुसलमान घरसम्म कटान तथा कच्ची नाली निर्माण** उ.स.लाई योजना बजेट किताबमा भएको सोही शिर्षकबाट नै भुक्तानी दिने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

अञ्जार राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्या - १८

आज मिति २०८१ साल जेष्ठ महिनाको २७ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | [signature] |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | [signature] |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | [signature] |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | [signature] |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | [signature] |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | [signature] |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | [signature] |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | [signature] |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | [signature] |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | [signature] |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | [signature] |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | [signature] |
| १६ | सदस्य | श्री रमा भण्डारी | [signature] |
| १७ | सचिब | श्री अम्मरराज शर्मा | [signature] |

आमन्त्रित :-

१. श्री कृष्ण प्रसाद पौडेल [signature]

मिति २०८१।०२।२७ गतेको गाउँकार्यपालिकाको १८ औ बैठकका प्रस्तावहरू

१. गढवा गाउँपालिकाले आगामी आ.व.का लागि तय गर्ने नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. विविध विषय सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको आ.व. २०८१।०८२ का लागि तय गर्ने नीति तथा कार्यक्रम यस गढवा गाउँपालिकाले तय गर्ने आगामी आ.व. को नीति तथा कार्यक्रम विभिन्न विषयगत शाखा, विषयगत समितीहरूको बैठकको निर्णय एवं विभिन्न चरणको छलफल पश्चात योजना शाखाबाट संस्लेषण भई पेश भएको नीति तथा कार्यक्रमको खाकामा केही आवश्यक संशोधन सहित स्वीकृत गरियो साथै सोही स्वीकृत खाका आगामी १५ औं अधिवेशनको गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

अम्गार राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

बैठक संख्या - १८

आज मिति २०८१ साल असार महिनाको ०७ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| १० | का.व.वडाध्यक्ष | श्री दिलबसी वि.क. | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री अम्मरराज शर्मा | |

आमन्त्रित :-

१. श्री कृष्ण प्रसाद पौडेल – प्रशासन शाखा
२. श्री वारवीर चौधरी – लेखा शाखा प्रमुख
३. श्री कुलराज कुमाल – राजश्व शाखा प्रमुख
४. श्री भरत के.सी. – योजना तथा अनुगमन शाखा प्रमुख

मिति २०८१।०३।०७ गतेको गाउँकार्यपालिकाको १९ औ बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

३. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८१" सम्बन्धमा ।

४. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको विनियोजन विधेयक २०८१" सम्बन्धमा ।

५. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८१" सम्बन्धमा ।

६. जनस्वास्थ्य निरीक्षक श्री रोहित चौधरीको अध्ययन पूर्व स्वीकृति तथा मनोनयन सम्बन्धमा ।

७. विविध विषय सम्बन्धमा ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

निर्णयहरू

१. यस गढवा गाउंपालिकाको चालु आ.व.मा यस अघि बसेको गाउंकार्यपालिकाको वैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. गढवा गाउंपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भए पश्चात गरिएका सम्पूर्ण अनुगमनको जेष्ठ महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको आर्थिक विद्येयक २०८१" आवश्यक छलफल तथा संशोधन गरी पन्ध्रौ गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

४. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८१" आवश्यक छलफल तथा संशोधन गरी पन्ध्रौ गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

५. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि "गढवा गाउँपालिकाको विनियोजन विद्येयक २०८१" आवश्यक छलफल तथा संशोधन गरी पन्ध्रौ गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

६. नेपाल सरकार चिकित्सा शिक्षा आयोग परिक्षा निर्देशानलय, सानोठिमी, भक्तपुरको मिति २०८१।०२।२८ गतेको पत्र अनुसार शैक्षिक सत्र २०८१/०८२ मा चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) अन्तर्गत BPH अध्ययनको लागी गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीको अध्ययन पूर्वस्वीकृती र मनोनयनका लागी प्रदेश प्रमुख सचिव समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद, तह | सेवा समूह |
|---|---|---|---|
| १ | रोहित चौधरी | जनस्वास्थ्य निरीक्षक | नेपाल स्वास्थ्य, हे.ई. |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

बैठक संख्या - ~~१४~~ २०

आज मिति २०८१ साल असार महिनाको ०८ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरीउ | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| १० | का.व.वडाध्यक्ष | श्री दिलबसी वि.क. | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | मानबहादुर |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री अम्मरराज शर्मा | |

आमन्त्रित :-

श्री कृष्ण प्रसाद पौडेल

मिति २०८१।०३।०९ गतेको गाउँकार्यपालिकाको २० औं बैठकका प्रस्तावहरू

१. मध्यकालिन खर्च संरचना आ.व. २०८१/०८२-२०८३/०८४ सम्बन्धमा ।

२. यस गढवा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि गढवा गाउँपालिकाका तपशिलका कानून तथा योजनाहरूको मस्यौदा सम्बन्धमा ।
(क) गढवा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विद्येयक, २०८१ सम्बन्धमा ।

३. सामुदायिक वन व्यवस्थापन अनुगमन समिति सम्बन्धमा ।

४. सामुदायिक वन उपभोक्ता समूहको अभिलेख व्यवस्थपन सम्बन्धमा ।

५. विविध विषय सम्बन्धमा

**निर्णयहरू :**

१. गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ देखि २०८३/०८४ सम्मको मध्यमकालिन खर्च संरचना स्वीकृत गरि गाउँसभाको अर्को बैठक पेश गर्ने निर्णय गरियो ।

२. यस गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि गढवा गाउँपालिकाका तपशिलका कानूनको मस्यौदाको आवश्यक छलफल तथा संशोधननसहित स्वीकृत गरी गाउँसभाको अर्को बैठकमा पेश गर्ने निर्णय गरीयो ।
(क) गढवा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विद्येयक, २०८१ सम्बन्धमा ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ ङ (२) मा भएको व्यवस्था अनुसार यस गढवा गाउँपालिकाका क्षेत्रमा रहेका सामुदायिक बनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।
तपशिल :

| | |
|---|---|
| शारदा कुमारी चौधरी | संयोजक |
| विर बहादुर आलेमगर | सदस्य |
| राहुलदेव चौधरी | सदस्य |
| रमा भण्डारी | सदस्य |
| सुर्य वहादुर नेपाली | सदस्य |
| शेषमणि पौडेल | सदस्य सचिव |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिक

४. वन नियमावली २०७९ को दफा ४५ मा सामुदायिक वन उपभोक्त समूहको अभिलेख व्यवस्थित गर्नुका साथै आवश्यक सहयोग र सहजिकरणक गर्नको लागि यस गढवा गाउँपालिकाको क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति र आ.व. २०७९।०८० को सामुदायिक वन उपभोक्ता समूहको तपशिल बमोजिमको कागजात र विवरण माग गर्ने निर्णय गरियो ।

तपशिल :

(क) वन ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संचालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण

(ख) सामुदायिक वन उपभोक्त समूहको वार्षिक प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन

(ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावरको वार्षिक विवरण तथा विक्रिका लागि घाटगद्दी तयार पारि राखेका स्टक विवरणको प्रमाणित प्रतिलिपि

५. गाउँकार्यपालिकाको वैठकको वैठक संख्या १४ को मिति २०८० साल फाल्गुन महिनाको १४ गतेका दिन भएको घर नक्सा अभिलेखिकरण कार्य २०८१ जेष्ठ मसान्ससम्म गर्ने निर्णय भएकोमा घर नक्सा अभिलेखिकरण गर्नको लागि निवेदन पेश भएको हुदाँ म्याद थप गरि २०८१ असार मसान्स सम्म गर्ने निर्णय गरियो ।

६. गढवा गाउँपालिकाका ठेक्का लगाई उत्खनन गरि डम्पिङ गरेर राखेका तपशिल बमोजिमका घाटहरूबाट नदीजन्य पदार्थ विक्रिवितरणका लागि प्रचलित नियमानुसारको रोयल्टी र डम्पिङ गर्दा लागेको ढुवानी खर्च समेटेर उक्त नदीजन्य पदार्थ न्यूनतम रू. ५४२।१७ प्रति घनमिटर दर निर्धारण गर्ने, साथै विक्रि कार्यका लागि वडा कार्यालयहरूलाई जिम्मेवारी दिई सो सम्बन्धमा पत्राचार गर्ने निर्णय गरियो ।

तपशिल :

क) वडहरा घाट वडा नं. १

ख) पचहिया घाट वडा नं. २

ग) खडकपुर घाट वडा नं. ४

घ) कक्रहवा मनिकापुर घाट वडा नं ६

७. गढवा गाउँपालिकाबाट किसानहरूलाई जैविक गोठे मल उपलब्ध गराउन सेफ्टी ट्याङ्की बापतको राजश्व दर प्रति टिप (खेप) रू २५०० कायम गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत